
# लेखापरीक्षण प्रतिवेदन

# घोडाघोडी नगरपालिका, कैलाली

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# घोडाघोडी नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/91

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कैलाली।

**कैफियतसहितको राय**

हामीले घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट

प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८ करोड ९५ लाख २७ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २० लाख ९० हजार समेत गरी रु. २९ करोड १६ लाख १८ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. २ अर्ब ३३ करोड ३८ लाख ९२ हजारको लेखापरीक्षण गरिएकोमा रू. ३ करोड १७ लाख ४९ हजार (१.३६ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएन पालिकाको असुल गर्नुपर्ने रू. २९ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८५ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५४ लाख ३० हजार र पेश्की बाँकी रु. ४८ लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।


**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण

कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( अभिराज डाँगी )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ११४ | १२२ | ३,१७,४९,३१२ | ० | ० | ० | ० | ११४ | १२२ | ३,१७,४९,३१२ | २९,३७,४९५ | १,५४,३०,४२३ | ८५,८१,३९४ | ० | ० | २,४०,११,८१७ | ४८,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ४९,५४,८३,००८ | ० | ६२,१६५ | ४९,५४,२०,८४३ | ० | ३,१७,४९,३१२ | ५२,७१,७०,१५५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ७१.१ र ७१.२ | नर्म्स भन्दा बढी भुक्तानी | २१,९९५ |
| २ | २०७८/७९ | १३३ | अपुग विल रकम | ३१,५०० |
| ३ | २०७९/८० | ४० | अनुगमन मुल्याङ्कन भत्ता | ८,६७० |
| जम्मा | | | | ६२,१६५ |

# (८०७७७४०३३०० - घोडाघोडी नगरपालिका, कैलाली )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा रहेका छन् भने क्षेत्रफल ३५४.४४ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार ८७,६७९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२० देखि २०८१।१०।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु. २ अर्ब ३३ करोड ३८ लाख ९२ हजार ८५६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३७ लाभग्राहीहरूको मृत्युपछिको सा.सु. भत्ता रकम फिर्ता भई निम्नानुसार भौचरबाट जम्मा रू. १,४१,८९६। दाखिला भएको प्रमाण पेश भएको छ।

| क्र.सं. | भौचर नं. | रकम |
|---|---|---|
| १ | ७०१९८३१८ | ७४६६ |
| २ | ७०१९८४९० | २३३७६ |
| ३ | ६९६४०६७३ | १३८६६ |
| ४ | ६९६१९७०६ | ५८९४७ |
| ५ | ६९६२००६९ | ३७७३ |
| ६ | ६९६२०४५९ | २१९७९ |
| ७ | ६९८३२०१६ | ७५५.०८ |
| ८ | ६९६२०६९५ | ११७३४ |
| | **जम्मा** | **१४१८९६** |

**(ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३०३५६२०२२.५५ | १ | **चालु खर्च** | ५३६५२२१२५.२३ | ५३६५२२१२५.२ |
| | क) संचित कोष | १९१६११६४८.९६ | | २ | **पूँजीगत खर्च** | २९०८७३७८२.६४ | २९०८७३७८२.६ |
| | ख) धरौटी | १६२१३७४२.५५ | | ३ | **धरौटी फिर्ता** | १३०५०७६३. | १३०५०७६३ |
| | ग) कार्यसञ्चालन कोष | १७२९३३३४.०४ | | ४ | **कोष फिर्ता** | ६९३१८७९. | ६९३१८७९ |
| | घ) स्थानीय तह विभाज्य कोष खाता | ७८४४३२९७ | | | | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | २४५८९३८१०.३० | ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २९१६१७९९९.०० |
| | क) आन्तरिक राजस्व | ३४०४९७७५.६९ | | | क) सामाजिक सुरक्षा | २८९५२७९९९ | |
| | ख) राजस्व बाँडफाँड | १५६४८२६८०.६१ | | | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०९००००. | |
| | ग) विभाज्य कोषमा प्राप्त | ४५२००००० | | ६ | **अनुदान फिर्ता** | ४६११५८६७.७५ | ४६११५८६७.७५ |
| | ग) अन्य आय | १०१६१३५४ | | ७ | **मौज्दात** | | २६७२३००४५.६६ |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ५६८१००५०० | | क) संचित कोष | ११७८८०४४२.६४ | |
| | क) वित्तिय समानीकरण अनुदान | १६५३५४००० | | | ख) धरौटी | १२१११३९०. | |
| | ख) सशर्त अनुदान | ३७१२३८००० | | | ग) कार्यसञ्चालन कोष | १३५९४९१६.०२ | |
| | ग) समपूरक अनुदान | १००००००. | | | घ) स्थानीय तह विभाज्य कोष खाता | १२३६४३२९७ | |
| | घ) विशेष अनुदान | २१५०८५००. | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३०९८६२५९. | | | | |
| | क) वित्तिय समानीकरण | १६३१९०००. | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | २७५०००० | | | | | |
| | ग) समपुरक अनुदान | ८२८७७०७. | | | | | |
| | घ) विशेष अनुदान | ३६२९५५२. | | | | | |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २९१६१७९९९ | | | | |
| | क) सामाजिक सुरक्षा | २८९५२७९९९ | | | | | |
| | ख) स्थास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०९००००. | | | | | |
| **६** | **विभिन्न कोषतर्फको आय** | ३२३३४६०.९८ | ३२३३४६०.९८ | | | | |
| **७** | **धरौटी आय** | ८९४८४१०.४५ | ८९४८४१०.४५ | | | | |
| | **जम्मा** | **१४५२३४२४६२.२८** | **१४५२३४२४६२.२८** | | **जम्मा** | **१४५२३४२४६२.२८** | **१४५२३४२४६२.२८** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८९५२७९९९।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२०९००००।०० समेत गरी रु. २९१६१७९९९।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. २९१६१७९९९.०० र यस वर्षको भुक्तानी रु. २९१६१७९९९.०० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३०३५६२०२२.५५ | ८५७१६२४४०.७३ | ८९३४९४४१७.६२ | २६७२३००४५.६६ |
| एकीकृत आर्थिक विवरण अनुसार | ३०३५६२०२२.५५ | ११४८७८०४३९.७३ | ११८५११२४१६.६२ | २६७२३००४५.६६ |
| फरक | ० | २९१६१७९९९.०० | २९१६१७९९९.०० | ० |

२.३ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबारआय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | श्रेस्ताअनुसार | बैंकअनुसार | फरक |
|---|---|---|---|
| आन्तरिकराजस्व खाता | १ | १ | ० |
| बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिकअनुदान खाता | ० | ० | ० |
| स्थानीयतह सञ्चित कोष खाता | ११७८८०४४१.६४ | ११७८८०४४१.६४ | ० |
| स्थानीयतह धरौटी खाता | १२१११३९० | १२१११३९० | ० |
| चालूखर्च खाता-विजोर वर्ष | -१००२५० | -१००२५० | ० |
| पूँजिगतखर्च खाता-विजोर वर्ष | १००२५०. | १००२५० | ० |
| स्थानीयतह विविध कोष खाता | २९५१७६१. | २९५१७६१. | ० |
| विविधखर्च खाता | १५८२६९८.७९ | १५८२६९८.७९ | ० |
| स्थानीयतह विभाज्य कोष खाता | १२३६४३२९७. | १२३६४३२९७. | |
| स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ९०६०४५६.२३ | ९०६०४५६.२३ | ० |
| जम्मा | २६७२३००४५.६६ | २६७२३००४५.६६ | ० |

२.४ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. ४६११५८६७।७५ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्त रकम | खर्च रकम | फिर्ता हुनुपर्ने | फिर्ता भएको | फरक |
|---|---|---|---|---|---|
| संघ शर्सत(चालु) | ३५३२८८०००. | ३२०९०१३१४.६ | ३२३८६६८५.४० | ३२३८६६८५.४ | ०.०० |
| संघ शर्सत(पुँजिगत) | १७९५००००. | ९०५०६३५. | ८८९९३६५.०० | ८८९९३६५. | ०.०० |
| संघ (विषेश अनुदान पुजिगत) | २१५०८५००. | १७१६४७०८. | ४३४३७९२.०० | ४३४३७९२. | ०.०० |
| संघ(समपुरक अनुदान पुँजीगत) | १००००००००. | १००००००००. | ०.०० | ०. | ०.०० |
| प्रदेश शर्सत(चालु) | ५५००००. | ४८९१०६.६५ | ६०८९३.३५ | ६०,८९३.३५ | ०.०० |
| प्रदेश शर्सत(पुँजिगत) | २२०००००. | १९७४८६८. | २२५१३२.०० | २२५१३२. | ०.०० |
| प्रदेश विशेष(चालु) | ३६२९५५२. | ३४२९५५२. | २०००००.०० | २०००००. | |
| प्रदेश समपुरक अनुदान(पुँजीगत) | ८२८७७०७. | ८२८७७०७. | ०.०० | ०. | ०.०० |
| जम्मा | ४१७४१३७५९. | ३७१२९७८९१.२५ | ४६११५८६७.७५ | ४६११५८६७.७५ | ०. |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म. ले. प. फा. नं. का अतिरिक्तआन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमणप्रतिबेदन ९०९ र म. ले. प. फा. नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म. ले. प. फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामकोकार्य विवरण वनाई लागु गरेको पाईएन,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको मागसोअनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिमरु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

· स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

· स्थानीयतहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमाअधिकांश कामकोनिर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेकोपाईएन, साथै यस बर्ष निर्माण गरेका सबै पूँजीगता कार्यको फोटो राख्ने गरेको पाइएन ।

· दिगो विकास लक्ष्य (सन२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएगरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखअध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ पेश्की बाँकी

### क) पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौटगर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनुपर्दछ।

| क्र.सं. | गो.भौ.न. मिति | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | यस आव | गत आव | यस आव | गत आव | |
| १ | १(२०८०।०४।०१) | रामारोशन निर्माण सेवा | ० | ८००००० | ० | ० | ८००००० |
| २ | २(२०८०।०४।०१) | के स ।तेडी।मणीलेक जे.भी. | ० | २४००००० | ० | ० | २४००००० |
| ३ | २(२०८०।०४।०१) | कालीजेल निर्माण सेवा | ० | ८०००० | ० | ० | ८०००० |
| ४ | २(२०८०।०४।०१) | धुर्वतारा।नेत्र जे.भी. | ० | ४९५०००० | ० | ० | ४९५०००० |
| ५ | २(२०८०।०४।०१) | पारभती निर्माण सेवा | ० | ३००००० | ० | ० | ३००००० |
| ६ | २(२०८०।०४।०१) | पारभती निर्माण सेवा | ० | ७००००० | ० | ० | ७००००० |
| ७ | २(२०८०।०४।०१) | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ० | १०००००० | ० | ० | १०००००० |
| ८ | २(२०८०।०४।०१) | मसिना धनलक्ष्मी जे.भी. | ० | ९९२४६० | ० | ० | ९९२४६० |
| ९ | २(२०८०।०४।०१) | श्रीस्थान निर्माण सेवा प्रा.लि. | ० | ४४०००० | ० | ० | ४४०००० |
| १० | २(२०८०।०४।०१) | श्रीस्थान निर्माण सेवा प्रा.लि. | ० | ३५०००० | ० | ० | ३५०००० |
| ११ | १(२०८०।०४।०१) | कालिका मा.वि. खल्लाखेत | ० | ७००००० | ० | ० | ७००००० |
| १२ | १(२०८०।०४।०१) | बालविकास आधारभूत विद्यालय | ० | १६००००० | ० | ० | १६००००० |
| १३ | १(२०८०।०४।०१) | रा.मा.वि. देउकलिया | ० | ७००००० | ० | ० | ७००००० |
| १४ | १(२०८०।०४।०१) | राष्ट्रिय मा.वि. सुखड | ० | ५०००००० | ० | ० | ५०००००० |
| १५ | १(२०८०।०४।०१) | श्री दशरथ मा.वि. | ० | ७०००००० | ० | ० | ७०००००० |
| १६ | १(२०८०।०४।०१) | श्री दशरथ मा.वि. | ० | ११७१७००६ | ० | ० | ११७१७००६ |
| १७ | १(२०८०।०४। | श्री दशरथ मा.वि. | ० | १२२९६०६ | ० | ० | १२२९६०६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०१) | | | | | | |
| १८ | १(२०८०।०४। ०१) | श्री दशरथ मा.वि. | ० | ८०४७००० | ० | ० | ८०४७००० |
| १९ | १(२०८०।०४। ०१) | श्री बडातडो आ.वि. | ० | १२६०००० | ० | ० | १२६०००० |
| २० | १(२०८०।०४। ०१) | श्री राष्ट्रिय मा.वि., सुखड | ० | ४२००००० | ० | ० | ४२००००० |
| २१ | १(२०८०।०४। ०१) | श्री राष्ट्रिय मा.वि., सुखड | ० | ८००००० | ० | ० | ८००००० |
| २२ | १(२०८०।०४। ०१) | श्री राष्ट्रिय मा.वि., सुखड | ० | १००००००० | ० | ० | १००००००० |
| २३ | १(२०८०।०४। ०१) | श्री राष्ट्रिय मा.वि., रामपुर | ० | १८०००० | ० | ० | १८०००० |
| २४ | १(२०८०।०४। ०१) | श्री राष्ट्रिय मा.वि., रामपुर | ० | १०८०००० | ० | ० | १०८०००० |
| २५ | २(२०८०।०४। ०१) | आरती चौधरी | ० | ६०००० | ० | ० | ६०००० |
| २६ | २(२०८०।०४। ०१) | एक्सपर्टस् पोइन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. | ० | ४७१२१० | ० | ० | ४७१२१० |
| २७ | २(२०८०।०४। ०१) | एक्सपर्टस् पोइन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. | ० | ४७१२१० | ० | ० | ४७१२१० |
| २८ | २(२०८०।०४। ०१) | एभरेष्ट बैंक लि. | ० | ८००० | ० | ० | ८००० |
| २९ | २(२०८०।०४। ०१) | कण्ठेश्वर आ.वि. | ० | ३००००० | ० | ० | ३००००० |
| ३० | २(२०८०।०४। ०१) | घोडाघोडी नगरपालिका | ० | १०९१८७.१९ | ० | ० | १०९१८७.१९ |
| ३१ | २(२०८०।०४। ०१) | जनचेतना युवा समाज | ० | १३२००० | ० | ० | १३२००० |
| ३२ | २(२०८०।०४। ०१) | जनज्योती आ.वि. | ० | ५०००० | ० | ० | ५०००० |
| ३३ | २(२०८०।०४। ०१) | ज्योती लाइफ इन्स्योरेन्स | ० | २८४००० | ० | ० | २८४००० |
| ३४ | २(२०८०।०४। ०१) | तारा कुमारी चौधरी | ० | ५०००० | ० | ० | ५०००० |
| ३५ | २(२०८०।०४। ०१) | द रोयल युवा क्लब | ० | ४०००० | ० | ० | ४०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | २(२०८०।०४।०१) | धनीराम चौधरी | ० | ६२००० | ० | ० | ६२००० |
| ३७ | २(२०८०।०४।०१) | नेपाल विद्युत प्राधिकरण | ० | १००००० | ० | ० | १००००० |
| ३८ | २(२०८०।०४।०१) | प्रेम बहादुर सुनार | ० | ५००० | ० | ० | ५००० |
| ३९ | २(२०८०।०४।०१) | प्रमोद चौधरी | ० | २७०० | ० | ० | २७०० |
| ४० | २(२०८०।०४।०१) | प्रमोद चौधरी | ० | १०००० | ० | ० | १०००० |
| ४१ | २(२०८०।०४।०१) | पहलमान आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | २००००० | ० | ० | २००००० |
| ४२ | २(२०८०।०४।०१) | बालकल्या आ.वि. | ० | ३००००० | ० | ० | ३००००० |
| ४३ | २(२०८०।०४।०१) | मेरी आमा | ० | ३५००० | ० | ० | ३५००० |
| ४४ | २(२०८०।०४।०१) | मेलघट्टी मा.वि. जनकपुर | ० | १५०००० | ० | ० | १५०००० |
| ४५ | २(२०८०।०४।०१) | मेलघट्टी माध्यामिक विद्यालय | ० | १००००० | ० | ० | १००००० |
| ४६ | २(२०८०।०४।०१) | मालिका प्राथामिक विद्यालय | ० | ४८८००० | ० | ० | ४८८००० |
| ४७ | २(२०८०।०४।०१) | मालिका प्राथामिक विद्यालय | ० | १००००० | ० | ० | १००००० |
| ४८ | २(२०८०।०४।०१) | राम प्रसाद चौधरी | ० | १८०००० | ० | ० | १८०००० |
| ४९ | २(२०८०।०४।०१) | राम प्रसाद चौधरी | ० | ३७५००० | ० | ० | ३७५००० |
| ५० | २(२०८०।०४।०१) | राष्ट्रिय मा.वि. नकफोड्वा | ० | ३००००० | ० | ० | ३००००० |
| ५१ | २(२०८०।०४।०१) | राष्ट्रिय मा.वि. नकफोड्वा | ० | ४००००० | ० | ० | ४००००० |
| ५२ | २(२०८०।०४।०१) | लक्ष्मी विकास बैंक लि. | ० | ७२००० | ० | ० | ७२००० |
| ५३ | २(२०८०।०४।०१) | लक्ष्मी विकास बैंक लि. | ० | ३५२०० | ० | ० | ३५२०० |
| ५४ | २(२०८०।०४।०१) | लक्ष्मी विकास बैंक लि. | ० | ३२०० | ० | ० | ३२०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५५ | २(२०८०।०४।०१) | बडातडो आधारभूत विद्यालय | ० | १००००० | ० | ० | १००००० |
| ५६ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२७५००० | ० | ० | १२७५००० |
| ५७ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | २९५०००० | ० | ० | २९५०००० |
| ५८ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ३७५०० | ० | ० | ३७५०० |
| ५९ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १५००० | ० | ० | १५००० |
| ६० | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | २९५०००० | ० | ० | २९५०००० |
| ६१ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ५१००० | ० | ० | ५१००० |
| ६२ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२५०० | ० | ० | १२५०० |
| ६३ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १३७५०० | ० | ० | १३७५०० |
| ६४ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १८७५० | ० | ० | १८७५० |
| ६५ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ३७५०० | ० | ० | ३७५०० |
| ६६ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ५०००० | ० | ० | ५०००० |
| ६७ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १७५०० | ० | ० | १७५०० |
| ६८ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ५७५०० | ० | ० | ५७५०० |
| ६९ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२५०० | ० | ० | १२५०० |
| ७० | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | २२७५० | ० | ० | २२७५० |
| ७१ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२५०० | ० | ० | १२५०० |
| ७२ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२५०० | ० | ० | १२५०० |
| ७३ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | १२५००० | ० | ० | १२५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७४ | २(२०८०।०४।०१) | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड | ० | ५००० | ० | ० | ५००० |
| ७५ | २(२०८०।०४।०१) | बालविकास आधारभूत विद्यालय | ० | २००००० | ० | ० | २००००० |
| ७६ | २(२०८०।०४।०१) | विष्णु प्रसाद चौधरी | ० | १००००० | ० | ० | १००००० |
| ७७ | २(२०८०।०४।०१) | श्री जनज्योती आ.वि. सिमथरी | ० | १३००० | ० | ० | १३००० |
| ७८ | २(२०८०।०४।०१) | श्री नभप्रभात आ.वि. माधि | ० | १३००० | ० | ० | १३००० |
| ७९ | २(२०८०।०४।०१) | श्री मेलधट्टी मा.वि. जनकपुर | ० | १३००० | ० | ० | १३००० |
| ८० | २(२०८०।०४।०१) | श्री मोहन्याल आधारभूत विद्यालय | ० | ९९००० | ० | ० | ९९००० |
| ८१ | २(२०८०।०४।०१) | श्री राष्ट्रिय मा.विराम पुर | ० | १७००० | ० | ० | १७००० |
| ८२ | २(२०८०।०४।०१) | श्री लालिगुराँस आधारभूत विद्यालय गोडाकोट | ० | १३००० | ० | ० | १३००० |
| ८३ | २(२०८०।०४।०१) | श्री लालिगुराँस आधारभूत विद्यालय गोडाखेडा | ० | ५०००० | ० | ० | ५०००० |
| ८४ | २(२०८०।०४।०१) | श्री सिताकुण्ड मा.वि. गणेशपुर | ० | ४५३१३ | ० | ० | ४५३१३ |
| ८५ | २(२०८०।०४।०१) | श्री सितकुण्ड मा.वि. गणेशपुर | ० | १८००० | ० | ० | १८००० |
| ८६ | २(२०८०।०४।०१) | सुखड सामूदायिक सिकाइ केन्द्र | ० | ३९००० | ० | ० | ३९००० |
| ८७ | २(२०८०।०४।०१) | सुखड सामूदायिक सिकाइ केन्द्र | ० | २२००० | ० | ० | २२००० |
| ८८ | २(२०८०।०४।०१) | सनराइज बैंक लि. | ० | २४००० | ० | ० | २४००० |
| ८९ | २(२०८०।०४।०१) | सनराइज बैंक लि. | ० | १२००० | ० | ० | १२००० |
| ९० | २(२०८०।०४।०१) | समाज विकासमा गतिशिलता | ० | ७८०००० | ० | ० | ७८०००० |
| ९१ | २(२०८०।०४।०१) | होम प्रसाद रिजाल | ० | १००००० | ० | ० | १००००० |
| ९२ | २(२०८०।०४।०१) | होम प्रसाद रिजाल | ० | ५७३१०.४० | ० | ० | ५७३१०.४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९३ | २(२०८०।०४।०१) | होम प्रसाद रिजाल | ० | ९०००० | ० | ० | ९०००० |
| ९५ | २(२०८०।०४।०१) | कैवा कैलाशपुर कल्भर्ट निर नाली निर्माण उ.स. | ० | २००००० | ० | ० | २००००० |
| ९६ | २(२०८०।०४।०१) | खेलकुद मैदान निर्माण तथा घेरबार उ.स. | ० | २५०००० | ० | ० | २५०००० |
| ९७ | २(२०८०।०४।०१) | जरही कटान खानेपानी उ.स. | ० | ६९३००० | ० | ० | ६९३००० |
| ९८ | २(२०८०।०४।०१) | डोडा नदी तटबन्धन निर्माण उ.स. | ० | ३५०००० | ० | ० | ३५०००० |
| ९८ | २(२०८०।०४।०१) | बुलबुले बहुमुखी क्याम्पस | ० | ७०२०० | ० | ० | ७०२०० |
| ९९ | २(२०८०।०४।०१) | मर्मत सम्भार तथा सडक स्तरोन्नती उ.स. | ० | १६५००० | ० | ० | १६५००० |
| १०० | २(२०८०।०४।०१) | शान्तिपुर डोडा नदी तडबन्धन | ० | २५०००० | ० | ० | २५०००० |
| १०१ | २(२०८०।०४।०१) | शान्तिनगरमा पानी निकास | ० | १२५००० | ० | ० | १२५००० |
| जम्मा | | | | ८२१२८६०२.५९ | ० | ० | ८२१२८६०२.५९ |

**ख) पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट हुनु पर्दछ। त्यसै गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ७२ अनुसार रू.२० लाख भन्दा बढिको परामर्श सेवा सोझै खरिद गर्न सकिने अवस्था देखिदैन। पालिकाले यो वर्ष विभिन्न ८ वटा वडामा जग्गा नापजाँच र नक्साङ्कन सम्बन्धी कार्यको लागि निम्नानुसार ८ परामर्शदातालाई रू.४८०००००.०० पेश्की भुक्तानी भएको देखियो। तसर्थ सम्भावित प्याकेज बनाई खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्थामा ८ परामर्शदाता संग अलग अलग सम्झौता गरी खरिद गरेको कार्य नियमित गरी वर्षको अन्त्यसम्म फर्स्यौट नभएको पेश्की रकम नियमानुसार पेश्की फर्स्यौट हुनुपर्दछ।

| क्र.सं. | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | एक्स्पान्सन इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ६००००० |
| २ | ओझा इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ६००००० |
| ३ | घण्टेश्वर इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | ६००००० |
| ४ | न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रा. लि. | ६००००० |
| ५ | भट्ट इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ६००००० |
| ६ | राष्ट्रिय इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ६००००० |
| ७ | व्हाइट हर्स इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ६००००० |
| ८ | स्पेस इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ६००००० |
| जम्मा | | ४८००००० |

| | |
|---|---|
| पेश्की | ४८,००,००० |

५ **आन्तरिक आय तर्फ**

५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६१४९९२०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३४०४९७७५.६९ अर्थात ५५.३७ प्रतिशत संकलन भएकोमा अनुमान भन्दा ४४.६३ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

५.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४६७१७१९०.२५ | ३४०४९७७५.६९ | ६.२३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.२३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शिर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | २५००००० | २१२०२८६ | ८४.८१ |
| भुमिकर/मालपोत | ४०००००० | ११८६४४०७.३८ | २९६.६१ |
| वहाल कर | १०००००० | ७१४५१७.६२ | ७१.४५ |
| वहाल विटौरी कर | ५००००० | ५०२८७२ | १००.५७ |
| सवारी साधन कर (साना सवारी) | २००००० | ०.०० | ०.०० |
| अन्य मनोरञ्जनकर | १००००० | ९४६० | ९.४६ |
| व्यवसायले भुक्तानी गर्ने | ४०००० | ०.०० | ०.०० |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५००० | २५.०० | ०.०५ |
| अन्य कर | १८३५००००० | ६४१० | ०.०३ |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ४०००० | ०.०० | ०.०० |
| पर्यटन शुल्क | २०००००० | १००००० | ५.०० |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ३०००० | ०.०० | ०.०० |
| अन्य बिक्रीबाटप्राप्त रकम | ५०००० | ०.०० | ०.०० |
| विद्युत सेवाशुल्क | ०.०० | २००.०० | २०० |
| अन्य सेवाशुल्क तथा बिक्री | ११०००० | ८८३७० | ८०.३४ |
| न्यायिक दस्तूर | १०००० | ०.०० | ०.०० |
| शिक्षा क्षेत्रको आम्दानी | ११०००० | ०.०० | ०.०० |
| परीक्षा शुल्क | १२०००० | ५००.०० | ०.४२ |
| यातायात क्षेत्रको आम्दानी | ३५०००० | ०.०० | ०.०० |
| अन्य प्रशासनिकसेवा शुल्क | ०.०० | ३००० | - |
| नक्सा पास दस्तुर | ५००००० | १४५१७१४.२३ | २९०.३४ |
| सिफारिश दस्तुर | ३५००००० | ६९२१८३७.१८ | १९७.७७ |
| व्यक्तिगत घटनादर्ता दस्तुर | ४००००० | ३६०० | ०.९० |
| नाता प्रमाणितदस्तुर | १५०००० | २२६५९७ | १५१.०६ |
| अन्य दस्तुर | २३२००००० | २९०६१८१.२८ | १२.५३ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२००००० | १८६३२७५ | १५५.२७ |
| रेडियो/एफ.एम.सञ्चालन दस्तुर | २९००० | ०.०० | ०.० |
| अन्य क्षेत्रकोआय | ०.०० | ४२०९५०२ | - |
| न्यायिकदण्ड, जरिवाना र जफत | १००००० | ७९०० | ७.९० |
| | | | |

| | | | |
|---|---|---|---|
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १०००००० | १७८१० | १७.८१ |
| अन्य राजस्व | १०१००० | ९१५५५६ | ९०६.४९ |
| सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | १४९९२०० | ०.०० | ०.०० |
| व्यवसाय कर | ५०००००० | ७५०.०० | ०.१५ |
| बेरूजू | ६५५००० | ११५००५ | १७.५६ |
| जम्मा | ६१४९९२०० | ३४०४९७७५.६९ | ५५.३७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

५.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७८/७९ | २४०८०००० | १८६८२०८८.९९ | ७७.५८ |
| २०७९/८० | ३४४४५००० | २९७०५११५६.८५ | ८६.२४ |
| २०८०/८१ | ६१४९९२००. | ३४०४९७७५.६९ | ५५.३७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ मा आय अनुमान रु. २४०८०००० गरिएकोमा रु. १८६८२०८८.९९ अर्थात ७७.५८ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०७९/८० मा रु. ३४४४५००० आय अनुमान गरिएकोमा रु. २९७०५११५६.८५ अर्थात ८६.२४ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा रु. ६१४९९२०० आय अनुमान गरिएकोमारु.३४०४९७७५.६९ अर्थात ५५.३७ प्रतिशत आयप्राप्त भएको छ। पालिकाको २ वर्षको आन्तरिक आय बढ्दो क्रममा भएता पनि यस वर्षको आन्तरिक आयको असुली घट्दो क्रममा देखिएको छ । पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

५.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय कर वापत रु.७५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

५.६ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

५.७ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०/८१ मा पालिकाले रु. ९४६० मनोरञ्जन कर संकलन गरेको छ। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

५.८ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

५.९ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। पालिकाले लेखापरीक्षणको क्रममा सम्पूर्ण नगदी रसिद ठेलीहरु पेश नगरेको कारण नगदी रसिदहरुबाट प्राप्त राजस्वको सम्बन्धमा एकिन हुन सकिएन। अघिल्लो आ.व.को बाँकी रसिद ठेलीहरु तथा यस आर्थिक वर्षमा के कति नगदी रसिद ठेलीहरु छपाइ गरी राजस्व संकलन गरियो भन्ने सम्बन्धमा समेत एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।

५.१० **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ।

## ६ परिपालनाको लेखापरीक्षण तर्फ

६.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना गरेको भएपनि वार्षिक बजेट र आवधिक योजना विच तादम्यता भएको देखिदैँन। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना र बार्षिक बजेट विच तादम्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

६.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण,

विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

६.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु. ९९ करोड ५२ लाख ६४ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६.५ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार यस पालिकाले यो वर्ष रु.१४७९०००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न ३० योजनामा रु. १ करोड २१ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र. सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १. | विल्डन नेपालको साझेदारीमा ३ कोठे भवन निर्माण | ११७१२५५ | ११७१२५५ |
| २. | नगरप्रमुख आवास निर्माण | ४०५९००० | ४०५९००० |
| ३. | नगरपालिका भित्र विभिन्न विद्यालयमा भान्साघर निर्माण | ७२४९७४५ | ७२४९७४५ |

६.६ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १८० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८४ | १४ | ५१ | १९ |
| २. | वडास्तरीय | १९४ | ६ | ६० | १२८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना योजना कार्यान्वयन भएको भएपनि प्रभावकारी अनुगमन भएको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

६.७ **लक्ष्य प्रगति** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५% सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| कार्यक्रम संख्या | २७८ | ६ | १ | ० | २७१ |

पालिकाले दिएको विवरण अनुसार पालिकाबाट यस वर्ष सञ्चालित योजना २७८ योजनामध्य ६ योजना कार्यान्वियन भएको देखिएन ।१ योजना २५ प्रतिशत भन्दा कम प्रगति भएको देखियो भने बाँकी २७१ योजना ७५ प्रतिशत भन्दा बढी प्रगति भएको देखिन्छ। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वियन भएको देखिदैन। प्रगति राम्रो भएपनि यसबाट कति रोजगारी सिर्जना भयो । लक्ष्य अनुरुप योजना सम्पन्न भएनभएको एकिन नभएन ।यसर्थ प्राथमिकीकरण गरी कार्यान्वियन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गरी आन्तरिक उत्पादन र रोजगारी बढाउन तर्फ ध्यान दिनु पर्दछ।

६.८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२९०८७३७८२.६४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

६.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८०।८०१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४२७७००० | २७१०३२४०.६५ | ३.२८ |
| २ | पूर्वाधार विकास | २७४००९००० | २०७५५८०२७ | २५.०९ |
| ३ | सामाजिक विकास | ४१४३६२५०० | ३६०२०१६४४.२१ | ४३.५३ |
| ४ | सुशासनर अन्तरसम्बन्धित क्षेत्र | ३६८३००० | २१३९७४६ | ०.२६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २५८९३२५०० | २३०३९३२५०.०१ | २७.८५ |
| **जम्मा** | | ९९५२६४००० | ८२७३९५९०७.८७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.६३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.३७ प्रतिशत रहेको छ।

६.१० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३४०४९७७५.६९राजस्व बाँडफाँड र अनुदानबाट रु. ७५५५६९४३९.६१ समेत रु. ७८९६१९२१५.३ आम्दानी भएकोमा चालु तर्फ रु.५३६५२२१२५.२३ र पूँजिगत तर्फ रु.२९०८७३७८२.६४ समेत रु. ८२७३९५९०७.८७ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.११२७१००० खर्च भएको छ जुन आन्तरिक आयको ३३.१० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८४ प्रतिशत चालु र ३५.१६ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६.११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाकोखर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २९०८७३७८२.६४ | २८६३९६९१ | ४३८४४००६ | ६२३७३२६९ | १५६०१६८१५.६५ | ९८८४६८०६ |
| प्रतिशत | १०० | ९.८५ | १५.०७ | २१.४४ | ५३.६४ | ३३.९८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २९०८७३७८२.६४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२८६३९६९१ अर्थात ९.८५ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.४३८४४००६ अर्थात १५.०७ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.६२३७३२६९अर्थात २१.४४ प्रतिशतर चौथो त्रैमासिकमा रु. १५६०१६८१५.६५ अर्थात ५३.६४ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ९८८४६८०६ अर्थात ३३.९८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

६.१२ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा

तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम २५१ कार्यक्रम घटाई ११३ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.१०९२७८००० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ।यसमा पालिकाले २५१ कार्यक्रमलाई संशोधन गरी गाभेर ११३ कार्यक्रम कायम गरी खर्च गरेको देखिन्छ । पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ। केहि नमुना निम्नानुसार उल्लेख गरिएको छ ।

| क्र.स. | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १ | जनकपुर दक्षिण टोलमा डिप बोरिङको पाइपलाइन तथा वाटरफललाई भल्भ वडा नं.१ | ५००००० | अनुदानमा सिँचाई मोटर वितरण | ५००००० |
| २ | वडा कार्यालयमा बोरिङ सर्भिस पाइप विस्तार | १०००००० | रामशिखर झाला स्वास्थ्य चौकी मर्मत संभार | १०००००० |
| ३ | वडा कार्यालय दिपनगरको विभिन्न ठाउँमा खानेपानी लाइन विस्तार तथा जडान | ८०००००० | नगरपालिकाको पार्किङ ट्रष्ट निर्माण | ८०००००० |
| ४ | खेलकुद मैदान निर्माण आम्वासा | ५०००००० | काँडेतार तथा किला घेरवार | ५०००००० |
| ५ | सुमीत चौधरीको घरदेखि ध्रुवको घरसम्म ग्राभेल | २०००००० | बाट्ुली चौर शिविरमा काठेपुल निर्माण | २०००००० |

पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

६.१३ **गत वर्षको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.१९८१७३००२.९६ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू. ५५९०००००० बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ।त्यसै गरी आ.व. २०८०/८१ मा संचित कोष रु.११७८८०४४१.६४ मौज्दात रहेकोमा आ.व. २०८१/८२ को लागि भुक्तानी दिन बाँकी को रुपमा रु.६२१३७००० जिम्मेवारी सारेको छ।यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।नमुना परीक्षणको क्रममा भुक्तानी दिन बाँकीको केहि नमुना विवरण देहायनुसार रहेको छ ।

| सि.नं. | विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| १ | वडा नं. ५ र ७ जोड्ने पक्की पुल | ध्रुवतारा नेत्र जे भि | १५०००००० |
| २ | वडा नं. २ र ६ जोड्ने पक्की पुल | रेखा नारायणनम जे. भि. | ७०००००० |
| ३ | नगर अस्पताल देखि विशाल चोकसम्म कालोपत्रे | ओम मष्टा कन्स्ट्रक्सन | ३०००००० |
| जम्मा | | | २५०००००० |

६.१४ **ठेक्का व्यवस्था** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ७.२४ देखि ४८.०४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र स | ठेक्कानं | योजनाको विवरण | वोलपत्रदाता | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | NCB/GMUN /WORKS/ 01/2080/081 | Prem Bista ko Ghar Dekhi Dakshin Kalopatrey Ward No 3 | Om Masta Construction Pvt.Ltd Ghodaghodi1 sukhad Kailali | 4182130.37 | 3257947.2 | 22.10 |
| 2 | NCB/GMUN/ WORKS/02/ 2080/081 | Satya Narayan Ko Ghar Dekhi Ward Karyalaya Samma Kalopatrey,ward no 3 | Om Masta Construction Pvt.Ltd Ghodaghodi1 sukhad Kailali | 4525620.4 | 3514592.8 | 22.34 |
| 3 | NCB/GMUN/ WORKS/03/ 2080/081 | Jurpani Nala Dekhi Patengna Chowk Samma Kalopatrey Ward no 7 | Butka Baba Nirman Sewa Pvt.Ltd. Ghodaghodi-07,Kailali | 4153026.03 | 3852146.4 | 7.24 |
| 4 | NCB/GMUN /WORKS/04 /2080/081 | Swasthey Chauki Dekhi Mela Maidaan Janey Bato Kalopatrey,Ward No.11 | RB NIrmansewa,Ghodaghodi-4,Kailali | 2602076.22 | 1871238.32 | 28.09 |
| 5 | NCB/GMUN /WORKS/05/ 2080/081 | Sisaiya Tallo Chowk Dekhi Khel Maidaan Janey Bato Kalopatrey Tilkanipur,Ward No.11 | Om Masta Construction Pvt.Ltd Ghodaghodi1 sukhad Kailali | 2636425.24 | 2040440 | 22.61 |
| 6 | NCB/GMUN/ WORKS/07 /2080/081 | Construction of Ghodaghodi Bahumukhi Campus Ko Saishik Bhawan Nirman(1) | Melta Construction & Pvt Ltd,Kathmandu | 9998587.62 | 6347256.43 | 36.52 |
| 7 | NCB/GMUN/ WORKS/ 08/2080/081 | Construction of Ghodaghodi Kshetra Ma Dharmashala Nirman(111) | Om Masta Construction Pvt.Ltd Ghodaghodi1 sukhad Kailali | 11999114.83 | 7697763.49 | 35.85 |
| 8 | NCB/GMUN /WORKS/ 09/2080/081 | The Construction Ghodaghodi Bahumukhi Campus Chatra Awash(11) | Creative Three brothers construction & Services | 3249093.74 | 2021726.73 | 37.78 |
| 9 | NCB/GMUN /WORKS/10 /2080/081 | Ghodaghodi Bahumukhi Campous Bahuupayogi Parikshaya Hall Nirman | श्री एनआरके रिलायवल ईन्जिनियरिङ्ग एण्डकन्स्ट्रक्सनप्रा.लि. कोटेश्वर३ २काठमाडौ | 5000000 | 3494540.89 | 30.11 |
| 10 | NCB/GMUN /WORKS/11 /2080/081 | Premix Carpeting Work of Lathuwa Road (Alignment CH 0+000 to CH 1+100) | श्री चौडेल निर्माण सेवा प्रा. लि., घोडाघोडी५, कैलाली। | 10653029 | **6202244** | 41.78 |
| 11 | NCB/GMUN /WORKS/12 /2080/081 | Construction of Culverts and Boundary Wall at Municipality Premises | श्री चौडेल निर्माण सेवा प्रा. लि., घोडाघोडी५, कैलाली। | 5238949.72 | **2722390** | 48.04 |
| 12 | NCB/GMUN /WORKS/13 /2080/081 | Dumping Site Construction Work including Gabion Embankment at Doda River Area (Land Fill Side Area GW) | Premcy Nirman Sewa, Ghodaghodi-9, Pahalmanpur, Kailali | **13006272.15** | **9738560.48** | 25.12 |

६.१५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल

सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६.१६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६.१७ **आन्तरिक लेखापरीक्षण शाखा** - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

६.१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

६.१९ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन ९ वटा नियमावली, ५२ वटा कार्यविधि लगायत ९० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ९० वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ ।यसरी तर्जुमा भएका सबै कानुनको कार्यान्वियन प्रभावकारी रुपमा भएको देखिएन। तसर्थ उक्त कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ।

६.२० **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २६ मुद्दा देखिन्छ । यस वर्ष १२ मुद्दा दर्ता भएकोमा २८ फर्स्यौट भई १० बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

६.२१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले

एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आबद्ध ४४ भएपनि यसमा विवरण दाखिला ३८ वटाले गरेको देखिन्छ भने १६ निष्क्रिय अवस्थामा रहेको पाइन्छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

६.२२ **आर्थिक सहायता-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।घोडाघोडी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधि, २०८० गरी विभिन्न व्यक्तिहरुलाई कार्यविधि तथा कार्यपालिकाको तोक आदेश बमोजिम रु. ९३५१२६ आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३४०४९७७५.६९ को २.७५ प्रतिशत हुन आउँछ। कार्यविधिको व्यवस्था परिपालना मार्फत आर्थिक सहायता वितरण गरी कार्यपालिकाको तोक आदेशमा सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।यसका केही उदाहरण निम्नानुसार रहेको छ ।

| गोभौ र मिति | सहायता प्राप्त गर्ने व्यक्ति | रकम |
|---|---|---|
| १६२।२०८०।०९।११ | श्री खडक बहादुर कठायत (GBS Syndrome) | ७२००० |
| ३१०।२०८०।१०।२३ | श्री डिल्लीराम आचार्य | ५०००० |
| ४६५।२०८०।१२।०७ | श्री लक्ष्मीदेवी साउद (क्रिया खर्च) | २५००० |
| ९७३।२०८१।०३।१७ | बर्दगोरिया साहित्य तथा सांस्कृतिक मंच | २९६०० |

यस्तै घोडाघोडी नगरपालिकाको आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधि, २०८० को दफा ६ मा उपचार तथा दीर्घ रोगीलाई अवस्था हेरी बढीमा ५० हजार सम्म उपलब्ध गराउन सकिने कुरा उल्लेख छ। नमूना परीक्षणको क्रममा पालिकाले देहाय बमोजिम कार्यविधिमा तोकिएको दर भन्दा बढी दरमा आर्थिक सहायता भुक्तानी गरेको छ । अत: यसरी कार्यविधिमा तोकिएको दरभन्दा बढी दरमा आर्थिक सहायता वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

| क्र.सं. | भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | १६२(२०८०।०९।११) | खेम बहादुर कठायत | ५०००० | ७२००० | २२००० |
| जम्मा | | | | | २२००० |

| अनियमित भएको | २२,००० |
|---|---|

६.२३ **विविध तथा सभा संञ्चालन खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष सबै वडामा रु.१८,७०,००० समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.२४,१५,००० खर्च गरेको र सभा सञ्चालनतर्फ रु.८,५०,००० गरी ५१,३५,००० छ। सो उक्त खर्च पालिकाको आन्तरिक आयरु.३,४०,४९,७७५.६९ को १५.०३ प्रतिशत हुन आउँछ।यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

६.२४ **अतिथि सत्कार खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु.७००००० खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३४०४९७७५.६९ को २.०६ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

६.२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा

व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६६ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, मेडिकल अधिकृत, पशु चिकित्सक सहित २४ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

६.२६ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ ।पालिकाले उल्लेखित पदहरुमा बाहेक दरबन्दी भित्र १ इञ्जिनियर, २ सब इञ्जिनियर गरी रु. १५००९३७ तलब भत्ता भुक्तानी गरेको पाइन्छ भने दरबन्दी बाहिर सूचना प्रविधि अधिकृत, मेडिकल अधिकृत आठौँ, स्टाफ नर्स, अहेव, ल्याब अशिष्टेण्ट ,अनमी, अमिन,सहायककम्प्युटर अपरेटर लगायत २८ जना कर्मचारीहरु करारमा नियुक्त गरी तलव भत्ता रू. १००९३११५ भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना नगरी तलब भत्ता भुक्तानी गर्नु नियमसम्मत देखिएन। यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

६.२७ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३८ जना कर्मचारीको रु.२५१८००००र पालिकाका २८ जना कर्मचारीको रु.१९७८०००० समेत रु.४४९६०००० खर्च लेखेको छ। यसमा आलेपले तलबी प्रतिदेन पारित गरेको देखिन्छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.२८ **पदाधिकारी सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.११२७१००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु.३४०४९७७५.६९ रहेको छ। आन्तरिक आयको ३३.१० प्रतिशत खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

६.२९ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रु.१३६००००, कर्मचारीको बैठक भत्ता रु.१२१५००० गरी जम्मा रु.२५७५००० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

६.३० **वडाको बिबिध** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रू.१८७०००० भुक्तानी गरेको छ।

| सि.नं. | वडा नं. | खर्च रकम |
|---|---|---|
| १ | १ | १५०००० |
| २ | २ | १००००० |
| ३ | ३ | १६०००० |
| ४ | ४ | १८०००० |
| ५ | ५ | १५०००० |
| ६ | ६ | १५०००० |
| ७ | ७ | १५०००० |
| ८ | ८ | २८०००० |
| ९ | ९ | १५०००० |
| १० | १० | १५०००० |
| ११ | ११ | १००००० |
| १२ | १२ | १५०००० |

विविधि खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

६.३१ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

६.३२ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्बेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८६.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

६.३३ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९८९७३४.५१ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। पालिकाले सफ्वेयर सम्बन्धित निकायबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। त्यसै गरीराजस्व व्यवस्थापनको लागि खरिद गरिएको राजस्व व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोगमा आएको देखिएन। खरिद गरिएका सफ्टवेयरहरु प्रयोगमा ल्याउनु पर्दछ।

| क्र. सं | कार्यक्रमकोनाम | खरिद गरेको आर्थिक वर्ष | कम्पनी | सफ्टवेयर खरिद खर्च | सञ्चालनमा रहे । नरहेको |
|---|---|---|---|---|---|
| १ | अनलाइन व्यवसाय दर्ता व्यवस्थापन प्रणाली | २०७७।०७८ | **BMP Infology Pvt. Ltd., Kathmandu** | ३५००००।– | रहेको |
| २ | व्यक्तिगत घटना सूचना फाराम व्यवस्थापन प्रणाली | २०७९।०८० | **Kushal International Pvt. Ltd, Kailali** | ३०९७३४.५१।– | रहेको |
| ३ | अनलाइन सिफारिस व्यवस्थापन प्रणाली | २०७८।०७९ | **Ideabreed IT Solution Pvt. Ltd, Kathmandu** | हस्तान्तरित(**GiZ**) | रहेको |
| ४ | योजना व्यवस्थापन प्रणाली | २०७७।०७८ | **Business Management Services Pvt. Ltd** | ३३००००।– | नरहेको |
| ५ | घर नम्बर व्यवस्थापन प्रणाली | २०८०।०८१ | **Softwell Pvt. Ltd., Kathmandu** | हस्तान्तरित(**GiZ**) | रहेको |
| ६ | एकिकृत मोबाइल एप | २०८०।०८१ | **Softwell Pvt. Ltd., Kathmandu** | हस्तान्तरित(**GiZ**) | रहेको |
| ७ | **Document Management System** | २०८०।०८१ | **Softwell Pvt. Ltd., Kathmandu** | हस्तान्तरित(**GiZ**) | नरहेको |
| ८ | डिजिटल नागरिक वडापत्र | २०८०।०८१ | **Softwell Pvt. Ltd., Kathmandu** | हस्तान्तरित(**GiZ**) | रहेको |
| जम्मा | | | | ९८९७३४.५१ | |

६.३४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ:

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| जेनेरेटर | २०७४।०३।१८ | १ | ४७४६०० | बिग्रिएको |

पालिकाले उल्लिखित जेनेरेटर लगायत जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत तथा लिलाम गर्नुपर्ने भनि उल्लेख गरिएका जिन्सी सामाग्रीहरुको मर्मत सम्भार गरी प्रयोगमा ल्याउने र प्रयोगमा नआउने सामाग्रीहरु लिलामी प्रक्रिया अगाडि बढाउनुपर्दछ।

६.३५ **प्राविधिक बिल र कार्य सम्पन्न** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

६.३६ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६.३७ **सार्वजनिक परीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आ.व. मा सार्वजनिक परीक्षण गरेको देखिएन।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

६.३८ **अनुदानको अनुगमन** -सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषितथा पशुपन्छी क्षेत्रमा रु. १०५३९३०० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।नमुना परीक्षणको क्रममा अनुदानग्राहीको विवरण देहानुसार रहेको छ ।

| आ.व.२०८०/८१ को कृषि तर्फको अनुदानको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | अनुदानग्राही | अनुदान बजेट रु. | उपलब्धिहरुः |
| १ | आलुउत्पादन कार्यक्रम ५० प्रतिशत अनुदान | दिपज्योति आलु उत्पादन सहकारी संस्था घोडाघोडी वडा नं.८ दिपनगरले २० हेक्टरक्षेत्रफलमा आलु खेती | १३०००००० | ७७घर परिवारको रोजगारिको सृजना भएको । ६३० मे.ट.आलु उत्पादन बाट १ करोड ५७ लाख ५०हजार आम्दानि भएको छ । |
| २ | महिलातथा बिपन्न कृषकका लागि सामुदायमा आधारीत तरकारीको स्रोत नर्सरी स्थापनाकार्यक्रम | १९जना कृषकले तरकारीका नर्सरि स्थापना गरेको | ५७०००० | तरकारीकावेर्ना उत्पादन बाट एक सिजनामा औषतमा ५० हजार बराबरको आम्दानि भएको । |
| ३ | प्रस्तावमाआधारीत यूवा लक्षित कार्यक्रम | १९जना कृषक तथा फर्म हरु | ९५०००० | बार्षिक रुपमा तरकारी बाट ३ लाख देखि ८ लाखआम्दानि भएको । एक जना कृषकले तरकरि बाटै भएको आम्दानि बाट ३ लाखमा अटो खरिदगरेका छन । |
| ४ | कन्यच्याउको प्रवर्धन | १४जना कृषक तथा फर्महरु | २८०००० | लाभान्वितकृषकहरुले च्याउ बाट रु. ७ लाख ५० हजार आर्थिक लाभ तथा च्याउको उपभोग बाटपरिपारका सदस्यको पोषण स्वास्थ्यमा सुधार भएको । |
| ५ | आई.पि.एम.कृषक पाठशाला संचालन | कृषकसमुह हरु २ वटा ( ज्योती महिला बहुउदेश्य कृषक समुह वडा नं.२ र सुमधुर किसानकृषक समुह वडा नं.७ ) | २४०००० | ५० जना कृषकहरुको तालिम बाट तरकारी उत्पादनप्रविधि सहितको व्यवहारीक ज्ञान ,शिप र क्षमताको विकास भएको । |
| ६ | आलुप्रवर्धन कार्यक्रम | श्रीग्रामीण कृषक बहुउद्यश्यीय सहकरी सं. लि.घोडाघोडी-१० पहलमानपुर | १०००००० | १० हेक्टर क्षेत्रफलमा भएको आलु खेति बाट ३१५मे.ट.आलु उत्पादन बाट ७८ लाख ७५ हजार कृषकको आम्दानि भएको छ । |
| ७ | आ.व.२०७९/८०मा स्थापना भएका तेलहन बाली पकेट विकास कार्यक्रम | सयपत्रि महिला कृषक वडा नं.३ चौरट्ठीमा | ६००००० | १३ हेक्टर तोरि खेति बाट १७.३०३ मे.ट.न तोरी उत्पादन गरि रु २०लाख७२हजार समुहका सदस्य हरुको आम्दानी भएको । |
| ८ | आ.व.२०७९/८०मा स्थापना भएका गंहु बाली पकेट विकास कार्यक्रम | श्रीसोनिका महिला कृषक समुह वडा नं २ र<br>र श्री संगिनि महिला कृषक समुह वडानं. ८ मा गहु पकेट संचालन | ६००००० | ४० हेक्टर गहू खेती गरि १०० मे.ट. गहु उत्पादनभएको थप ३ हेक्टर क्षेत्रफलमा सिंचाई विस्तार भएको । यन्त्रिकरणको प्रयोग बाटकार्य बोजमा कमि हुनगै काममा सहजता भएको । |
| ९ | सानासिंचाई प्रवर्ध्दन कार्यक्रम (संघिय सशर्त र प्रदेश सशर्त अनुदान) | कृषिसहकारी,कृषक समुह तथा कृषि फर्म गरि ३० वटा स्यालो ट्युवेल निर्माण भएको । | २०००००० | पालिकाकोथप ३० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेकाले बाली सघनतामा (चैतेधान,क्षेधान,तोरि वा आलु) बढेर ३ बाली विस्तार भएको । |
| १० | धानबाली प्रवर्धन कार्यक्रम (चैते धानमा नगद प्रोत्साहन अनुदान सहित) | मित्रलठैया कृषक समुह वडा नं.-१० लठैया,अस्ना बाबा कृषि सहकारी सं.लि.घोडाघोडी-१२नकफोडुवा र ९० जना कृषक समेत | ८६०५०० | ३५हेक्टर मसिना तथा बास्नादार धान खेती बाट १२१ मे.ट उत्पादन भएको तथा चैते धानउत्पादन गर्ने पालिका भरिका ९० जना कृषकको मनोबलमा बृद्धि भई आगामि आ.व.माचैतेधान खेति विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेको । |
| जम्मा | | | ८४००५०० | |

पशुतर्फ

घोडाघोडी नगरपालिका पशु सेवा शाखाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय शसर्त तर्फको मासु प्रवर्द्धन कार्यक्रम (भेडा,बाख्रा,बंगुर।पाडापाडी लगायत) बजेट रु १०,०००००।मा देहायनुसार अनुदान उपलब्ध गराएको छ ।

| क्र.स | फर्मको नाम | ठेगाना | पाएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | न्यू बिकल्प कृषि फर्म | घोडाघोडी न.पा. १ | ९४,५००। | |
| २. | गोवर्द्धन पशुपालन तथा कृषि व्यवसाय फर्म | घोडाघोडी न.पा. १ | ७५,०००। | |
| ३. | महावु एग्रो इण्डस्ट्रिज | घोडाघोडी न.पा. १ | ९४,५००। | |
| ४. | सुनगाभा बंगुर फर्म | घोडाघोडी न.पा. २ | ५८,९५०। | |
| ५. | न्यू मोहन्याल कृषि तथा पशुपालन | घोडाघोडी न.पा. ५ | १,१७,७५०। | |
| ६. | सन्देश कृषि तथा पशुपन्छि फर्म | घोडाघोडी न.पा. ६ | २४,३००। | |
| ७. | घोडाघोडी पोल्ट्रि प्रा.लि. | घोडाघोडी न.पा. १ | २,७५,२५०। | बंगुर र बाख्रा समेत |
| ८. | गुलमोहर ग्रिन्स मोडर्स एग्रो फार्म | घोडाघोडी न.पा. ११ | ८७,७५०। | |
| ९. | सोनिया माछा तथा बंगुर पालन | घोडाघोडी न.पा. ११ | १०,८००। | |
| | | | **८,३८,८००।** | |

घोडाघोडी नगरपालिका पशु सेवा शाखाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निसर्त तर्फको ५०% लागत साझेदारिमा व्यवसायिक पशु फार्म प्रवर्द्धन कार्यक्रम बजेट रु १०,०००००। देहायनुसार अनुदान उपलब्ध गराएको छ ।

| क्र.स | अनुदानग्राही फार्मको नाम | ठेगाना | प्रोपराईटको नाम थर | अनुदान प्राप्त रकम |
|---|---|---|---|---|
| १. | श्री निलाघर कृषि फर्म | घोडाघोडी न.पा.६ | जोगी साउँद | ५०,०००। |
| २. | शिवशक्ति कृषि तथा पशुपन्छि फार्म | घोडाघोडी न.पा.१० | विफनि देवी चौधरी | ५०,०००। |
| ३. | रोयल बंगुर फर्म | घोडाघोडी न.पा.८ | ठक्कर शाह | ५०,०००। |
| ४. | न्यू झरना कृषि तथा पशुपन्छि फर्म | घोडाघोडी न.पा.११ | सिता देवी बुढा | ५०,०००। |
| ५. | सुनगाभा बंगुर फर्म | घोडाघोडी न.पा.२ | दिपक बहादुर भण्डारी | ५०,०००। |
| ६. | वर्षा कृषि तथा पशुपन्छि फर्म | घोडाघोडी न.पा.८ | निशा रावत | ५०,०००। |
| ७. | लक्ष्मि मल्टि प्रपोज एग्रो फर्म | घोडाघोडी न.पा.७ | लक्ष्मि देवी डगौरा | ५०,०००। |
| ८. | मेलकोटे बाख्रा पालन फार्म | घोडाघोडी न.पा.९ | रतने धानुक | ५०,०००। |
| ९. | घोडाघोडी एग्रो फार्म | घोडाघोडी न.पा.१ | रमेश कुमार बस्नेत | ५०,०००। |
| १०. | सुवास मल्टि प्रपोज एग्रो फर्म | घोडाघोडी न.पा.७ | सुवास डगौरा | ५०,०००। |
| ११ | मोट्टु पातलु कृषि तथा पशुपन्छि फर्म | घोडाघोडी न.पा.२ | काली बहादुर विष्ट | ५०,०००। |
| १२. | ए.जि.एकिकृत कृषि तथा पशुपंछि फार्म | घोडाघोडी न.पा.११ | आकाश अधिकारी | ५०,०००। |
| १३. | अस्मिता भैसि तथा बाख्रा पालन फर्म | घोडाघोडी न.पा.१२ | कुमारी गोविन्द शर्मा | ५०,०००। |
| १४. | बि.एम.डी.बाख्रा पालन फर्म | घोडाघोडी न.पा.८ | देउरुपा सापकोटा | ५०,०००। |
| १५. | विप्लप कृषि तथा पशु पालन व्यवसाय फर्म | घोडाघोडी न.पा.५ | राज बहादुर चौधरी | ५०,०००। |
| १६. | बैज्ञानिक कृषि तथा पशुपन्छि बहुउद्येश्य फर्म | घोडाघोडी न.पा.८ | लालि देवी साउद | ५०,०००। |
| १७. | न्यू बडिमाकिका कृषि पशुपन्छि तथा मत्स्य फर्म | घोडाघोडी न.पा.१० | शारदा देवी सिंह | ५०,०००। |
| १८. | नमुना एग्रो फर्म | घोडाघोडी न.पा.३ | हेलिया देवी चौधरी | ५०,०००। |
| १९. | यमन बगुंर तथा बाख्रा पालन फर्म | घोडाघडी न.पा.११ | प्रदेशु चौधरी | ५०,०००। |
| २०. | अमित बाख्रा फर्म | घोडाघडी न.पा.११ | गंगाराम बुढा | ५०,०००। |

घोडाघोडी नगरपालिका पशु सेवा शाखाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निसर्त तर्फको ५०% लागत साझेदारिमा डेरी तथा मासु पसल सुधार कार्यक्रम बजेट रु ३,०००००। देहायनुसार वितरण गराएको पाइन्छ ।

| क्र. स | फार्मको नाम | ठेगाना | प्रोपराईटको नाम थर | अनुदान प्रदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | दहित फ्रेस हाउस | घोडाघोडी न.पा.३ | रुप लाल थारु | १,००,०००। | |
| २. | ममता डेरी उद्योग | घोडाघोडी न.पा.१० | गिता पौडेल | १,००,०००। | |
| ३. | नवक्ऋषि गाई भैसी फार्म एवं डेरी वेगरी उद्योग | घोडाघोडी न.पा.१ | गौरि सिंह शाही | १,००,०००। | |

तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

६.३९ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· सार्वजनिक सम्पत्ति व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) पूर्णरुपमा कार्यान्वियन गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुको साथै PAMS को पूर्णरुपमा कार्यान्वियन गर्नुपर्दछ।

६.४० **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदानं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वियन हुनुपर्दछ।

| क्र स | स्रोत | सम्पन्न योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघ विशेष अनुदान | घोडाघोडी बहुमुखी क्याम्पसको शैक्षिक भवन निर्माण | ५६२३००० |
| २ | संघ विशेष अनुदान | घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण क्रमागत | ५७८५००० |
| ३ | संघ विशेष अनुदान | डोडा नदी क्षेत्रमा तटबन्धन सहितको डम्पिङ साइड निर्माण क्रमागत | ५७५६००० |
| ४ | सघ समपुरक अनुदान | वडा नं. ७ र ५ जोड्ने डोडा नदीमा पक्की पुल निर्माण क्रमागत | १०००००००० |
| ५ | प्रदेश समपुरक अनुदान | पिपल टोल खल्ला खेतदेखि वडा कार्यालय जोड्ने कन्द्री नदीमा पक्की पुल निर्माण वडा नं. ९ | ११८३००० |
| ६ | प्रदेश समपुरक अनुदान | लठुवा सडक कालोपत्रे वडा नं. ८ क्रमागत | ६३०४००० |

६.४१ **मध्यमकालीन खर्च संरचना**-अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८०।८१ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार नगरेपनि लखापरीक्षण अवधिमा आव २०८१।८२ – २०८३।८४ को मध्यमकालिन खर्च संरचनामा तयार गरेको देखिन्छ । आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन। पालिकाले आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालीन खर्च संरचानाको कार्यान्वियन गर्नु पर्दछ।

६.४२ **कन्टिन्जेन्सी खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र

सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च गरेकोमा सोको अभिलेख राखेको छैन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै: गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कानुनले तोकेको सीमा भित्र रही कन्टिन्जेन्सी खर्चको उद्देश्य अनुसार खर्च गरेको छ भनी सुनिश्चित हुन सकिएन। साथै कानुनले तोकेको सीमा भित्र रही कन्टिन्जेन्सी खर्चको उद्देश्य अनुसार खर्च गरेको छ भनी सुनिश्चित हुन सकिएन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजना अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टी गर्नु पर्दछ।

६.४३ **इन्धन तथा मर्मत खर्च** - अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन मर्मतमा यस वर्ष रु.३९९९७९७ र इन्धनमा कार्यालय प्रयोजनमा रू. ४७८६५७६ र अन्य प्रयोजनको लागि रू.८९१८६१ गरी रू.५६७८४३७ इन्धनमा खर्च भएको देखिन्छ भने इन्धन तथा मर्मतमा जम्मा ९६७८२३४ खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

६.४४ **उपभोक्ता समिति मार्फत कार्य**- सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ।पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

६.४५ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था**-पालिकामा दमकल, टिप्पर, एम्बुलेन्स, ब्याकहो लोडर र जेनेरेटर लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

| क्र स | सामानको विवरण | खर्चरु | | | | | चालक हेल्परको तलव भत्ता | मर्मत खर्च | जम्मा खर्च | आम्दानी रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इन्धन को प्रकार | इकाई | परिमाण | दर | जम्मा | | | | |
| १ | ब्याक होलोडर | डिजल | लि. | ४६८८ | १५७.५ | ७३८३६० | ३२५००० | ४७५१६१ | १५३८५२१ | |
| २ | टिप्पर | डिजल | लि. | ८०५ | १५७.५ | १२६७८७.५ | ३२५००० | १५६,०२७.३८ | ६०७८१५ | |
| 3 | दमकल | डिजल | लि. | ४४५ | १५७.५ | ७००८७.५ | ३२५००० | २७२,९७५.३८ | ६६८०६३ | |
| ४ | एम्बुलेन्स (संख्या ३) | डिजल | लि. | ९७८५ | १५७.५ | १५४११३७.५ | १००१७४० | १,५८९,२६५.०० | ४१३२१४३ | १७३७८० |
| ५ | जेनेरेटर | डिजल | लि. | ७२० | १५७.५ | ११३४०० | ० | २२०,३८३.५० | ३३३७८४ | |
| जम्मा | | | | १६४४३ | | २५८९७७२.५ | १९७६७४० | २,७१३,८१२.२६ | ७२८०३२५ | १७३७८० |

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी १७३७८० आम्दानी देखिन्छ भने ७२८०३२५ खर्च भएको देखिन्छ, जुन कुल आम्दानीको ४१८९ प्रतिशत हुन आउँछ। यसमा उपकरणमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

६.४६ **कर्मचारी कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कोषमा गत वर्षको मौज्दात रु. १२४३०६८ यस वर्ष रु.४००००००.०० बजेट व्यवस्था भएकोमा रु.२०६३४२१ ट्रान्सफर भई रु. १९३६५७९ चालु खर्च खाताबाट खर्च भएको देखिन्छ। कोषबाट यस वर्ष रु.३५४७२८.०० खर्च भई रु.२९५१७६१ बैंक मौज्दात हुनपर्नेमा रु. १०००००० मात्र रहेकोले बाँकी रु.१९५१७६१ चालु खर्च खाताबाट कोषमा बैंक ट्रान्सफर गर्नुपर्छ। कोषको सञ्चालन सम्बन्धी स्पष्ट मापदण्ड तथा कानूनी आधार नरहेकोमा पालिकाले कर्मचारीकोहरुको समेत योगदान रहने गरी कानून बमोजिम कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्दछ। यस कोषबाट भएको खर्चको व्यहोरा निम्नानुसार रहेको छ।

| गो.भौ.र मिति | कर्मचारीको नामथर | स्थायी नियुक्ति | पद | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २।२०८१।०१।२५ | आशपूर्ण चौधरी | २०६५।०५।०१ | कास | मिति २०७९।०७।०४ गते राजीनामा दिएको । | ३५४७२८ | बाँकी भुक्तानी |
| ५७४।२०८०।१२।३० | भागिराम चौधरी | २०६४।०५।०१ | मुखिया | मिति २०८०।१०।१९ गते मृत्यु भएको | १९३६५७९ | निजको श्रीमती सुगनीदेवी चौधरीलाई भुक्तानी |

६.४७ **नाफामुलक संस्थालाई अनुदान**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकालेयस वर्ष

देहायकोनाफामूलक संस्थालाई अनुदान भुक्तानी गरेको छ। यसरी निश्चित कार्यविधि र मापदण्ड नबनाई नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई अनुदान दिने कार्य नियमसम्मत नदेखिएको रु.

| गो भौ/ मिति | भुक्तानी पाउने | अनुदान रकम |
|---|---|---|
| २५७।२०८१।०३।१६ | श्री चुरे कृषक सहकारी संस्था लि (बोरिङ निर्माण) | ६१६६५ |
| २८१।२०८१।०३।११९ | श्री जनविश्वास कृषि सहकारी संस्था लि (बोरिङ निर्माण) | ५८०७६ |
| २६।२०८१।०२।१९ | श्री शान्तिनगर कृषि सहकारी संस्था लि (बोरिङ निर्माण) | ५७६५२ |
| २७।२०८१।०२।३१ | श्री ज्वाला पञ्चकोशी कृषि सहकारी संस्था लि (बोरिङ निर्माण) | १२४८०० |
| २५७।२०८१।०३।१६ | श्री चुरे कृषक सहकारी संस्था लि (बोरिङ निर्माण) | ६१६६५ |
| ४५।२०८१।०३।०६ | श्री अस्नाबाबा कृषि सहकारी संस्था लि (बोरिङ निर्माण) | ६२४०० |
| २५७।२०८१।०३।१६ | श्री चुरे कृषक सहकारी संस्था लि (बोरिङ निर्माण) | ६१६६५ |
| ३७८।२०८१।०३।१२ | श्री दिगो सामुदायिक तथा वातावरण संरक्षण बहुउद्देश्यीय सहकारी संस्था लि (अधुरो भवन निर्माण वडा नं.१०) | ७६५९६६ |
| ३८।२०८१।०३।०५ | श्री पहुरा कृषि सहकारी संस्था लि (बोरिङ निर्माण) | ५६४०७ |
| जम्मा | | १३१०२९६ |

| अनियमित भएको | १३,१०,२९६ |
|---|---|

६.४८ **सेवा प्रवाहको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध भएन । यस वर्षको सेवा प्रवाहको स्थिति निम्नानुसार छ

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | १७ |
| | पञ्जिकरणतर्फ | |
| २ | जन्मदर्ता | २०७८ |
| ३ | मृत्युदर्ता | ४९६ |
| ४ | बसाईसराई दर्ता | ६०८ |
| ५ | विवाह दर्ता | ९२१ |
| ६ | सम्बन्ध विच्छेद दर्ता | ३६ |

पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

६.४९ **भ्रमण खर्च र अभिलेख-** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा

खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी भ्रमण खर्च तथा अनुगमन मूल्यांकन बैठक समेत गरी जम्मा रू.२१२५७०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

६.५० **मसलन्द तथा कार्यालय सामग्री** - सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू. ६९७०६५२ को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

६.५१ **घरभाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू.१५,०३,७५५ खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

६.५२ **मालसमान तथा उपकरण खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| क्र स | भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | ३७२।२०८१।०३।१० | थ्यान्क्यु विजनेश | ल्यापटप एण्ड डस्कटप | ९४०४२४ |
| २ | ३७२।२०८१।०३।१० | सूर्योदय सोलार एण्ड ट्रेडर्स | ए सि | ९४५८०४ |

## ७ विपद व्यवस्थापन तर्फ

७.१ **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

७.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

७.३ **प्रकोप व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु.१०१६४००० र यो वर्ष कोषमा कुनै आम्दानी प्राप्त भएको छैन। कोषबाट यो बर्षमा रु.११०३००० खर्च भई रु.९०६१००० बाँकी रहेको देखीयो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

७.४ **बार्षिक प्रतिबेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ८ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| क्र. स. | ठेक्का न. | कार्य विवरण | परामर्शदाता | स्विकृत रकम | खर्च रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|---|---|
| 1 | GUMN/RFP/01/080/081 | Initial Environmental Examination for the extraction of riverbed materials from Doda nadi,Tegna nadi,Kandra nadi,kada khola & Simti khola at Ghodaghodi Municipality, Kailali | Sobha Engineering Consultancy Pvt Ltd | 1499032.69 | 1485950 | 1485950 | 91800000 |
| 2 | GUMN/RFP/02/080/081 | Detail Survey, Design and Cost Estimate of Municipal Ring Road (Northern Part of Mahendra Highway) at ward no 2,4,6,8,9 and 10 of Ghodaghodi Municipality, Kailali. | Eversafe Engineering Consultancy P Ltd | 1994990.48 | 1977500 | 1977500 | 472530000 |
| 3 | GUMN/RFP/03/080/081 | Detail Survey, Design and Cost Estimate of Municipal Ring Road (Southern Part of Mahendra Highway) at ward no 3,5,7,10,11 and 12 of Ghodaghodi Municipality, Kailali. | R.I.D Engineering Consultancy Pvt.Ltd | 1994990.48 | 1981737 | 1981737 | 482800000 |
| 5 | GUMN/RFP/04/080/081 | भदेली नाला बाख्रि खोर जाने बाटोमा पुल निर्माण वडा न. ११ | Bhumi Engineering Consortium | 1309318.09 | 1282550 | 1282550 | 110500000 |
| 4 | GUMN/RFP/05/080/081 | सिताकुण्ड पर्यटकीय क्षेत्रको पुर्वाधार विकास वडा न. ४ | Shree Kartik k studio Pvt Ltd | 1489952.24 | 1479396 | 1479396 | 382000000 |
| 6 | GUMN/RFP/06/080/081 | Spot Infrastructure Development(Football Stadium) Belar-1,Kailali | Bhatta Cosultancy And Research Center Pvt Ltd Godawori Kailali | 1500027.82 | 1480300 | 1480300 | 331000000 |
| Total | | | | 9788312 | 9687433 | 9687433 | 1870630000 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। बिभिन्न योजनाहरुलाई एउटै प्याकेज अर्थात रु.२० लाख भन्दा बढीको लागत अनुमानको प्याकेज वनाई प्रतिस्पर्धाको लाभ समेत प्राप्त गर्न सकिनेमा सो अनुसार गर्न कुनै पहल नगरी टुक्रा टुक्रा प्याकेजको ल.इ. वनाई काम गराएको देखिन्छ। पालिकाले परामर्श सेवा खरिदलाई प्रतिस्पर्धात्मक बनाउने तर्फ ध्यान दिनुपर्दछ।

### ९ नियमपालन नगरी विज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको

भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस पालिकाबाट विज्ञापन वापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | मिडिया/एजेन्सीको नाम | भुक्तानी रकम(मू.अ. कर समेत) | विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मू.अ. कर बाहेक) |
|---|---|---|---|
| ४३१(२०८०।११।२३)चालु | डल्फिन मल्टिमिडिया एण्ड कन्सल्टेन्सी | ६७२०० | १७८५ |
| ७४३(२०८१।०२।२१)चालु | सरल मिडिया प्राइभेट लिमिटेड | ५३१५५ | १४११ |
| ११५(२०८१।११।१५)पुँजीगत | सरल मिडिया प्रा.लि. | ५६९५२ | १५१२ |
| १८७(२०८०।१२।०८)पुँजीगत | अनुभवी सञ्चार गृह प्रा.लि. | १७२०८५ | ४५६८ |
| ६३१(२०८१।०१।२०)चालु | सुदूरखबर अनलाईन मिडिया प्रा.लि. | १०४४१२ | २७७२ |
| ७(२०८०।०६।०७)पा.पूँजीगत | डल्फिन मल्टिमिडिया कन्सल्टेन्सी प्रा.लि. | ४५४५०८ | १२०६६ |
| जम्मा | | ९०८३१२ | २४११४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,११४ |

१० **कृषि अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमूना परीक्षणको क्रममा पालिकाले देहायअनुसार कृषि, पशु लगायतको अनुदानमा विभिन्न कृषि फर्म/ कृषकलाई देहाय बमोजिम अनुदान रकम भुक्तानी गरी खर्च लेखेको छ।

| क्र.सं. | गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्नेको नाम | अनुदानको प्रकार | अनुदान रकम रू. |
|---|---|---|---|---|
| १ | ६०६(२०८१।०१।१६) | मेलकोटे बाख्रा पालन फर्म (वडा नं. ९) | बाख्रा पालन गोठ सुधार पचास प्रतिशत अनुदान | ४५५८५ |
| २ | ६११(२०८१।०१।१६) | विप्लप कृषि तथा पशुपंक्षी फर्म (वडा नं. ५) | बंगुरको खोर सुधारमा पचास प्रतिशत अनुदान | ४०७३७ |
| ३ | ६१५(२०८१।०१।१७) | अमित बाख्रापालन फर्म (वडा नं. ११) | बाख्रा पालन गोठ सुधार पचास प्रतिशत अनुदान | ४५१९६ |
| ४ | ६१७(२०८१।०१।१७) | न्यू झरना कृषि तथा पशुपंक्षी पालन फर्म(वडा नं. ११) | पशुपंक्षी खोर सुधार पचास प्रतिशत अनुदान | ४५५७६ |
| ५ | ६२५(२०८१।०१।१८) | एजी एकिकृत कृषि तथा पशुपंक्षी फर्म | पशुपंक्षी खोर सुधार पचास प्रतिशत अनुदान | ४४१५६ |
| ६ | ६३८(२०८१।०१।२१) | श्री निलाघर कृषि फर्म(वडा नं. ६) | गोठ तथा खोर सुधार पचास प्रतिशत अनुदान | |
| ७ | ६९१(२०८१।०२।०९) | नव ऋषि गाइ भैसी फार्म एवं डेरी बेकरी उद्योग | डेरी सुधार कार्यक्रममा पचास प्रतिशत अनुदान | १००००० |
| ८ | ७०२(२०८१।०२।०९) | करौरी देवी चौधरी (प्लाष्टिक टनेल भित्र तरकारी खेती वडा नं. १२) | प्रस्तावमा आधारित युवा लक्षित कार्यक्रममा पचास प्रतिशत अनुदान | ४८३४१ |
| ९ | | न्यू बडीमालिका कृषि तथा पशुपंक्षी फर्म(मौरी पालन खेती वडा नं. १०) | | ४८४७० |
| १० | | रिता चौधरी(प्लाष्टिक टनेल भित्र तरकारी खेती वडा नं. १२) | | ४८१६४ |
| ११ | ७०३(२०८१।०२।०९) | कृष्णादेवी चौधरी(वडा नं.७) | महिला तथा विपन्न कृषकका लागि समूदायमा आधारित तरकारी स्रोत नर्सरी स्थापना कार्यक्रममा अनुदान | २९१०० |
| १२ | | विपिन सुवेदी(वडा नं.११) | | २९००९ |
| १३ | | राजेश चौधरी(वडा नं.११) | | २९१०० |
| १४ | | रामला थारु(वडा नं.८) | | २९०७८ |
| १५ | ८८३(२०८१।०३।०२) | ममता डेरी उद्योग(वडा नं. १०) | डेरी सुधार कार्यक्रममा पचास प्रतिशत अनुदान | १००००० |

वितरित रकमको तोकिए अनुसार कामका लागि उच्चतम सदुपयोग भएको हुनुपर्ने र अनुदानग्राहीले बिगत वर्षहरुमा पनि सोही वा अन्य कुनै कार्यक्रमका लागि संघ, प्रदेश र स्थानीय तहबाट तथा अन्य निकायबाट समेत अनुदान लिए नलिएको एकिन हुनुपर्नेमा सोको विवरण समेत पालिकाले अद्यावधिक राखेको पाइएन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा फलोअप र सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ, अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

११ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ९३७(२०८१।३।१६) बाट एन बि इन्टरप्राइजेजलाई २३२ मिटर HDPE Pipe ५० mm खरिद बापत रू.३३००२।०० भुक्तानी दिएको देखिन्छ। लागत अनुमान समेत तयार नगरी खरिद गरिएका उल्लिखित पाइप तथा पम्प जडानको प्राविधिक नापजाँच, प्राविधिक बिल लगायत खर्च पुष्टि गर्ने कागजात संलग्न छैन। जसबाट खरिद गरिएका सामग्रीको सदुपयोगको सम्बन्धमा एकिन हुन सकिदैंन। अत: पाइप तथा पम्प जडानको प्राविधिक नापजाँच, प्राविधिक बिल, फोटो, कार्य सम्पन्न तथा अनुगमन प्रतिवेदन लगायतका कागज प्रमाण पेशगर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,००२ |

१२ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। अत: यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.सं.** | **भौ.नं. / मिति** | **कार्यालयको नाम/विवरण** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| १ | ११०(२०८०।०८।१०) | सशस्त्र प्रहरीबल नेपाल सुरक्षा बेश पहलमानपुर | ३७६३० |
| २ | १८३(२०८१।०९।१२) | इलाका प्रहरी कार्यालय सुखड | १५०००० |

१३ **छाडा चौपाया व्यवस्थापन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन देहाय बमोजिम खर्च भुक्तानी गरेको छ।

| खर्चको व्यहोरा | रकम रू. |
|---|---|
| चौपायको हेरालो ज्याला (४ जना) | १५५४३० |
| घाँस तथा परालमा र दाना भएको खर्च | ११५००० |
| अन्य खर्च वडा नं १२ मा कान्जीहाउसको घेरवार निर्माण | ४९६८६३ |
| वडा नं १० मा पशु गौशाला निर्माण | ३६५६२६४ |
| जम्मा | ४४२३५५७ |

यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वेच्छिक रूपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। पालिकाले सामुदायिक पशु व्यवस्थापन केन्द्र (कान्जी हाउस तथा गौशाला) स्थापना गरेता पनि के कति संख्यामा पशुहरु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। पशु व्यवस्थापनार्थ हेरालु लगायतका कर्मचारी व्यवस्थापन गरेको भनी खर्च लेखेकोमा त्यहाँवाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा बिक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैंन। अत: पालिकावाट अनुगमन गर्ने तथा पशु व्यवस्थापन केन्द्रबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ। गाई गोरू व्यवस्थापनमा वर्षेनी खर्च मात्रै हुँदै जाने हुँदा यसको दीर्घकालीन समाधानको उपाय खोज्जे तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

## १४ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम विभिन्न कार्यक्रम शीर्षकबाट पालिका रू.१०९०००५।०० खर्च गरेको देखिन्छ।

| गो.भौ.नं. | भुक्तानी रकम | कार्यक्रमको नाम | विवरण |
|---|---|---|---|
| १४०(२०८०।०८।२८) | ९७४७९ | जेष्ठनागरिक, महिला स्वयम सेविका र चिराकीलाई सहयोग कार्यक्रम | ३ थान जेन्स साइकल, ७ थान लेडिज साइकल र ३ थान हाते माइक खरिद गरी १३ जना व्यक्तिलाई वितरण गरेको भरपाई संलग्न |
| १८९(२०८०।०९।२२) | ३७०६३० | अनाथ तथा अपाङ्ग बालबालिकालाई शैक्षिक सामग्री वितरण र स्वयमसेविका र भलमन्सालाई सामाग्री वितरण | · विभिन्न ५० जना बालबालिकाहरुलाई ५० थान झोला, ५० थान विद्यालय पोशाक, ५० दर्जन कपी, ५० प्याकेट डटपेन, ५० थान ज्यामिति बक्स वितरण गरेको।<br>· १७ जना भलमन्सालाई १७ सेट पोशाक र १७ थान झोला वितरण गरेको |
| २८८(२०८०।१०।१८) | २००००० | जेष्ठ नागरिक सम्मान तथा न्यानोलुगा वितरण | पालिकाको १२ नं. वडाले वडामा रहेका जेष्ठ नागरिककलाई ११० थान ब्लाङ्केट खरिद गरी वितरण गरेको। |
| ८९३(२०८१।०३।१२) | १४१५११ | विभिन्न व्यक्तिहरुलाई सहयोग सामग्री वितरण | पालिकाको ६ र ७ नं वडा .कार्यालयले पालिकालका महिला स्वयम सेविकालाई तथा चिराकीहरुलाई वितरण गर्ने भनी १८ थान झोला, भाँडाकुँडा, सिरक तन्ना, त्रिपाल लगायतका सहयोग सामग्रि वितरण गरेको भनी रकम भुक्तानी भएको। |
| ९२०(२०८१।०३।१३) | ५०००० | जोखिममा रहेका बालबालिकाहरुलाई पोशाक वितरण कार्यक्रम | पालिकाको १२ नं. वडा कार्यालयले ३६ जना बालबालिकालाई पोशाक खरिद गरि वितरण गरेको। |
| ९५७(२०८१।०३।१६) | १००००० | महिला स्वास्थ्य स्वयम सेविका तथा महिला वडा सदस्यलाई साइकल विरतण कार्यक्रम | पालिकालको १ नं. वडा कार्यालयले १२ थान साइकल खरिद गरी वडाका ८ जना महिला स्वास्थ्य स्वयम सेविका तथा ४ थना महिला वडा सदस्यलाई वितरण गरेको |
| ९६६(२०८१।०३।७) | १३०३८५ | बालबालिकाहरुलाई पोशाक वितरण कार्यक्रम | पालिकाको वडा नं. ११ कार्यालयले विद्यालय पोशाक ५० थान, कापी कलम ५०/५० दर्जन खरिद गरी विभिन्न ५० जना बालबालिकालाई वितरण गरेको। |

पालिकाबाट वितरीत सामग्रीहरुको अद्यावधिक तथ्याङ्क, लाभग्राही छनौटको स्पष्ट मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा सामग्री वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन। जसबाट पालिकाले हाल सम्म कति जनालाई कुन कुन प्रकारका सामग्रीहरु कुन प्रयोजनको लागि वितरण गरेको तथा सोबाट भएको उपलब्धीका मापनको सम्बन्धमा समेत एकिकृत तथ्याङ्क छैन। पालिकाले खर्च गरेको उल्लिखित वितरणमुखी खर्चबाट एकातिर लक्षित वर्गमा अल्पकालीन राहत भए पनि दीर्घकालीन रुपमा फाइदा भएको देखिंदैन भने अर्कोतिर वितरण गरिने सामग्रीहरु सम्बन्धित लाभग्राहीको माग निवेदन संकलन नगरी आफूखुशी सामग्री खरिद गरी वितरण गर्दा खर्चको वास्तविक औचित्य नहुने तथा खरिद गरिएका सामग्रीहरु सम्बन्धित लाभग्राहीलाई आवश्यक रहे नरहेको सम्बन्धमा एकिन हुन सकिंदैन। अत: पालिकाले आन्तरिक आम्दानी समेतलाई ध्यानमा राखि उल्लिखित किसिमका वितरणमुखी खर्चलाई नियन्त्रण गरी पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## १५ प्रमाण पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रू.

१३७८३३५ भुक्तानी गरेको छ। जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ, बिल भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौचर नं. | भुक्तानी प्राप्त कर्ताको नाम | भुक्तानी रकम/प्रमाण पेश गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | ४६(२०८०।०७।२५) | घोडाघोडी स्पोर्टस क्लब | ९९९९९ | नगरपालिकाको ३ नं. वडाले उल्लिखित क्लबलाई वडा स्तरीय फुटबल प्रतियोगिता सञ्चालन बापत रकम भुक्तानी गरेकोमा खर्च प्रस्ताव स्वीकृति तथा कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको पेश गर्नुपर्ने |
| २ | १११(२०८१।०८।२४) | घोडाघोडी नगर फुटबल विकास समिति | ११०००० | प्रथम प्रधानमन्त्रीकप फूटबल प्रतियोगिता खेलाडी प्रतिनिधित्व बापत रकम भुक्तानी गरेकोमा खर्च प्रस्ताव स्वीकृति तथा कार्यसम्पन्न प्रतिवेदन लगायतका खर्च पुष्टि गर्ने कागजात पेश नगरेको पेश गर्नुपर्ने |
| ३ | १९८(२०८०।०९।२९) | घोडाघोडी तथा सांस्कृतिक संरक्षण समाज | २००००० | घोराघोरी लवाङ्ग पुजा तथा थारु सांस्कृतिक महोत्सब सम्पन्न बापत रकम भुक्तानी भएकवमा खर्च प्रस्ताव स्वीकृत छैन, लागत अनुमान तथा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्ने। |
| ४ | ६५६(२०८१।०१।२४) | दोस्रो वडाअध्यक्ष कप सञ्चालन कप समिति | १२०००० | खर्चप्रस्ताव स्वीकृति तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने |
| ५ | ९१२(२०८१।०३।१३) | रेडियो कैलाली एफ.एम. | ४९९००० | विभिन्न सूचना सन्देश, जिंगल, कार्यक्रम, बहस, जनचेतनामूलक कार्यक्रमको लागि उल्लिखित एफ एम सँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा रेडियो जिंगल, प्रसारण तालिका, प्रसारण भएका कार्यक्रमको विवरण लगायतका खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने। |
| ६ | ९२७(२०८१।०३।१४) | विकास इन्टरप्राइजेज | ४९३३६ | पालिकाको ९ नं. वडा कार्यालयले शिखर मेलमिलाप केन्द्रलाई १ थान दराज र १ थान बेड पलङ्ग खरिद गरेको बिल पेश गरी रकम भुक्तानी दिएकोमा उक्त बेड तथा दराज सम्बन्धित मेलमिलाप केन्द्रलाई बुझाएको तथा उक्त केन्द्रले उल्लिखित सामग्रीहरु दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने। |
| ७ | ९३३(२०८१।०३।१४) | कैलाली जिल्ला फूटबल संघ | ३००००० | पालिकाको खेलमैदानमा फुटबल प्रतियोगिता सम्पन्न गरेको भनी बिभिन्न बिल तथा फोट संलग्न गरी रकम भुक्तानी लिएकोमा खर्च प्रस्ताव स्वीकृती, खेलकुदको समय तालिका, प्रमाणित कार्यसम्पन्न प्रतिवेदन लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| जम्मा | | | १३७८३३५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७८,३३५ |

१६ **गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नमुना परीक्षणको क्रममा यस आर्थिक वर्षमा पालिकाले देहाय बमोजिम कार्यालयको कामको लागि भनी गाडीहरु भाडामा विभिन्न व्यक्तिहरुलाई रु. ७५१८००।०० भुक्तानी गरेको छ । गाडी भाडामा लिने सम्झौतामा समेत कार्यालय प्रयोजन मात्र उल्लेख गरेको तर कुन प्रयोजन भन्ने कुरा उल्लेख नगरेको, खर्च पुष्टी हुने कागजात समेत संलग्न नराखी भाडा रकम भुक्तानी गरेको देखिन्छ । जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ,

पालिकाको आफ्नो सवारी साधनलाई समयमै मर्मत सम्भार गरी सकेसम्म बाह्य गाडीहरु भाडामा नलिने र लिनै पर्ने अवस्थामा गाडी भाडामा लिंदा स्पष्ट प्रयोजन खुलाई प्रमुख प्रशासकिय अधिकृतले गाडी भाडा सम्झौता गरी प्रयोग गर्ने पदाधिकारी र कामको प्रकृति खुल्ने गरी सवारी लगसिट बनाई सार्वजनिक कोषको खर्चमा अधिकतम मितव्यीतालाई समेत ध्यानमा राखी लिनुपर्दछ ।

१७ **बहाल कर**

आयकर ऐन, २०५८ को दफा ८८ (१) को (५) मा भाडा भुक्तानीमा १० प्रतिशत ढुवानी कर लाग्ने ब्यवस्था रहेको छ। पालिकाले निम्नानुसार विभिन्न कार्यक्रमको लागी विभिन्न सामानहरू भाडामा लिए वाफत रू.१५,२७६।०० भुक्तानी भएकोमा १० प्रतिशत बहाल कर कट्टि नभएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| गो.भौ.नं. | भुक्तानी प्राप्त कर्ताको नाम | व्यहोरा | भुक्तानी रकम | असुल गर्नुपर्ने बहाल कर |
|---|---|---|---|---|
| ४४८(२०८०।१२।०४) | जे के.सी. डिजे एण्ड टेन्ट हाउस | पालिकाको वडा नं. ७ ले सांस्कृतिक कार्यक्रममा टेन्ट र डिजे भाडामा लिएको | १६६६० | १६६६ |
| १६७(२०८०।०९।१२) | विष्णु प्रसाद चौधरी | दशै विशेष सांस्कृतिक कार्यक्रममा टेन्ट तथा डिजे भाडामा लिएको | ३८५०० | ३८५० |
| २९२(२०८०।१०।१८) | एलिजा टेन्ट हाउस | हरितालिका तिज कार्यक्रममा टेन्ट तथा डिजे भाडामा लिएको | ९७६०० | ९७६० |
| जम्मा | | | | १५२७६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,२७६ |

१८ **इन्टरनेट मर्मत शुल्क भुक्तानी**

दूरसंचार नियमावली, २०५४ (संशोधन समेत) को नियम १५(१) को खण्ड (ज) मा ग्राहकलाई उपलब्ध गराएको दूरसंचार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निःशुल्क मर्मत संभार गर्नु पर्ने व्यवस्था छ। साथै दूरसंचार सेवा अन्तर्गत फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे वापत लाग्ने महशुलमा बढीमा पचास प्रतिशत सम्म मर्मत संभार शुल्क लगाउन सक्नेछ भन्ने व्यवस्था पनि गरिएको छ। नमुना परीक्षणको क्रममा पालिकाले देहायका दूर संचार सेवा प्रदायकले यस आर्थिक वर्षमा पालिकालाई Internet सेवा उपलब्ध गराए वापत जम्मा रु. २०९५०५।६४ इन्टरनेट शुल्क वापत र सो को शतप्रतिशत रकम रु. २०९५०५।६४ मर्मत संभार(support and maintenance) भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको ५० प्रतिशत मर्मत संभार(support and maintenance) सम्बन्धित सेवा प्रदायकबाट एकिन गरी असुल उपर गर्नुपर्ने रू.

| गो.भौ.नं. | इन्टरनेट सेवा प्रदायको नाम | इन्टरनेट सेवा शुल्क(VATबाहेक) | मर्मत संभार(support and maintenance) शुल्क(VATबाहे) | मर्मत सम्भार बापत बढी भुक्तानी रु |
|---|---|---|---|---|
| ८२६()२०८१।०३।०४ | वर्ल्ड लिंक कम्यूनिकेशन | ६००० | ६००० | ३००० |
| ९४५(२०८१।०३।१६) | टेकमाइन्ड नेटवर्क प्रा.लि. | १८४३२३।६४ | १८४३२३।६४ | ९२१६१।८२ |
| ९६९(२०८१।०३।१७) | फाइबर नेट कम्यूनिकेशन प्रा.लि. | १९१८२ | १९१८२ | ९५९१ |
| | | | | १०४७५२.८२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,७५२.८२ |

१९ **भाडामा कर कट्टा नगरेको (शसर्त चालु)**

भौ.नं. २२९ मिति २०८१।०३।०६ आयकर ऐन, २०५८ को दफा ८८ (१) को (५) मा भाडा भुक्तानीमा १० प्रतिशत ढुवानी कर लाग्ने व्यवस्था रहेको छ। मनोसामाजिक परामर्श कार्यक्रमको लागी मनोसामाजिक परामर्शकर्ता शर्मिला थारूलाई कार्यक्रम सञ्चालनको रकम भुक्तानी भएको छ। पालिकाले कार्यक्रमको लागी सवारी साधन भाडामा लिई रू.११,८००। भुक्तानी भएकोमा १० प्रतिशत बहाल कर कट्टि नभएकोले कट्टि गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८० |

२० **रोजगारी सृजना**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत १२ वडामा सुचिकृत १२१७ बेरोजगार मध्ये ७९ जनालाई रोजगारी उपलव्ध गराई १३ योजनामा रू.५२२२४२४। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब ६.४९ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडानं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १४५ | ९ | ८७८ | ५८६५०४ | ९७.५५ | ६.२० |
| २ | १२४ | ८ | ८०० | ५३४४०० | १०० | ६.४५ |
| ३ | १८९ | १० | १००० | ६६८००० | १०० | ५.२९ |
| ४ | १८० | १० | १००० | ६६८००० | १०० | ५.५५ |
| ५ | ६९ | ५ | ५०० | ३३४००० | १०० | ७.२४ |
| ६ | ७० | ५ | ५०० | ३३४००० | १०० | ७.१४ |
| ७ | ११३ | ७ | ७०० | ४६७६०० | १०० | ६.१९ |
| ८ | १२१ | ८ | ८०० | ५३४४०० | १०० | ६.६१ |
| ९ | ३७ | ६ | ५४० | ३६०७२० | ९० | १६.२१ |
| १० | ३९ | ३ | ३०० | २००४०० | १०० | ७.६९ |
| ११ | ३७ | २ | २०० | १३३६०० | १०० | ५.४० |
| १२ | ९३ | ६ | ६०० | ४००८०० | १०० | ६.४५ |
| **जम्मा** | १२१७ | ७९ | ७८१८ | ५२२२४२४ | ९२.९६ | ६.४९ |

२१ **धरौटीतर्फ**

सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै

सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यवस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रू.१६७६७६७। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| क्र.सं. | गो. भौ.न./ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | २३-२०८०।११।१७ | जेवी निर्माण सेवा | कर समायोजनको पत्र नभएको | ४२०००० |
| २ | ३६-२०८१।०१।२४ | प्रकृती चन्द्र विकास जे.भि. | कर समायोजनको पत्र र कर चुक्ताको पत्र नभएको | ९७१९८४ |
| ३ | ४५-२०८१।०२।२० | मालिका निर्माण सेवा प्रा.ली. | कर समायोजनको पत्र नभएको | २८४७८३ |
| | **जम्मा** | | | **१६७६७६७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,७६,७६७ |

## २२ विल भरपाई वेगर रकम भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसार रू.१६९५२०। भुक्तानी गरेकोमा विल भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| दिवा खाजा कार्यक्रम अन्तर्गत | | |
| १ | राष्ट्रिय मा.वि. सुखडलाई वर्षभरि रू.३,७६,८०५। भुक्तानी भएकोमा रू.३,६३,१६९। को मात्र माग फाराम पेश भएको | १३६३६ |
| छात्रवृत्ति कार्यक्रम अन्तर्गत | | |
| २ | चैड्याल आ.वि. सिरानगरलाई रू.५६,२००। भुक्तानी भएकोमा रू.५१,८००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | ४४०० |
| ३ | मालिका आ.वि. लम्कीलाई रू.२४,०००। भुक्तानी भएकोमा रू.१९,६००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | ४४०० |
| ४ | सरस्वती आ.वि. निम्दीलाई रू.७६,०००। भुक्तानी भएकोमा रू.६५,२००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १०८०० |
| ४ | मेलघट्टी आ.वि. जनकपुरलाई रू.७७,२००। भुक्तानी भएकोमा रू.६५,२००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १२००० |
| ५ | वडातडो मा.वि. वछुरियालाई रू.१,२५,६००। भुक्तानी भएकोमा रू.१,१०,४००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १५२०० |
| ६ | सरस्वती आ.वि. वसन्तालाई रू.१,३१,२००। भुक्तानी भएकोमा रू.१,१३,६००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १७६०० |
| ७ | वालकल्याण आ.वि. करैचालाई रू.६८,८००। भुक्तानी भएकोमा रू.६१,६००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | ७२०० |
| ८ | कण्ठेश्वर आ.वि. किर्तिपुरलाई रू.३४,२००। भुक्तानी भएकोमा रू.३३,०००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १२०० |
| ९ | राष्ट्रिय मा.वि. तारानगरलाई रू.१,३७,६००। भुक्तानी भएकोमा रू.१,०३,२००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | ३४४०० |
| १० | कान्ति मा.वि. पहलमानपुरलाई रू.१,५७,२००। भुक्तानी भएकोमा रू.१,३४,४००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | २२८०० |
| ११ | वाल विकास आ.वि. आमखोईयालाई रू.६१,०००। भुक्तानी भएकोमा रू.५९,०००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | २००० |
| ११ | अमर सहिद आ.वि. लढैयालाई रू.४२,०००। भुक्तानी भएकोमा रू.३३,२००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | ८८०० |
| १२ | पहलमानसिंह ममोरियल मा.वि.लाई रू.४२,८००। भुक्तानी भएकोमा रू.३०,८००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १२००० |
| १३ | जनता आ.वि. तप्पालाई रू.३८,०००। भुक्तानी भएकोमा रू.३७,०००। को मात्र विद्यार्थिले छात्रवृत्ति वुझेको भरपाई पेश भएको | १००० |
| | अन्य विविध कार्यक्रम तर्फ | |
| १४ | भौ.नं. १८९ मिति २०८१।०२।१६ सामुदायिक विद्यालयमा कार्यरत आई टी फोकल शिक्षकलाई ५ दिने **IEMIS** तथा **ICT** सम्बन्धी कार्यशाला २०८१ को लागी शाखा अधिकृत उमेश राज रेग्मीलाई रू.२,९९,५००। भुक्तानी भएकोमा रू.२,९८,५००। को मात्र विल भरपाई पेश भएको | १००० |
| १५ | भौ.नं. २५२ मिति २०८१।०३।१४ क्षयरोग नियन्त्रण कार्यक्रमको लागी सि.अ.हे.व. अधिकृत वेद व. चौधरीलाई रू.३,००,०००। भुक्तानी भएकोमा रू.२,९८,९१६। को मात्र विल भरपाई पेश भएको | १०८४ |
| | **जम्मा** | **१६९५२०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,५२० |

## २३ सामाजिक सुरक्षा तर्फ

२३.१

**सामाजिक सुरक्षा वितरण** - यस पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता वाफत विभिन्न ७ वटा बैंक वाट जम्मा रु.२९ करोड ९ हजार वितरण गरेको विवरण उपलब्ध गराएको छ।

| क्र.सं. | सामाजिक सुरक्षा भत्ता पाउने समुह | वितरण गरेको संख्या | वितरण गरेको रकम |
|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | 16683 | 198915715 |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | 1676 | 13214490 |
| ३ | जेष्ठ नागरिक एकल महिला | 1850 | 14708204 |
| ४ | विधवा | 5075 | 40098835 |
| ५ | पूर्ण अपाङ्गता भत्ता | 416 | 4861445 |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | 1545 | 9752048 |
| ७ | दलित बालबालिका | 2839 | 4312984 |
| ८ | लोपन्मुख जाति | 347 | 4145610 |
| | जम्मा | 30431 | 290009331 |

२३.२ **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकंबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएकोले के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन। बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ।

२३.३ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

२३.४ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

२३.५ **मुत्यू पश्चातको समेत भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले वडा नं १ र ३ को लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागी रकम निकासा गरेकोमा बैकंले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरूको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरी मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरी बैकंलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरूको खातामा समेत रकम जम्मा भएको पाइयो। अत : मृत व्यक्तिलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | नाम | परिचय पत्र नम्वर | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | जगत कुमारी बस्नेत (१ नं वडा, ज्येष्ठ नागरिक) | २०१००१२८०२७०५ | ६२५१ | १२००० | ५७४९ |
| २ | माहामति रावल (१ नं. वडा, ज्येष्ठ नागरिक) | २००४०३२९०१३३२ | ८६४५ | १२००० | ३३५५ |
| ३ | जगत्रा देवी जोशी (१ नं. वडा, ज्येष्ठ नागरिक) | १९८६१२३०३३४४५ | ६११८ | १२००० | ५८८२ |
| ४ | रतना बिष्ट (२ नं. वडा, ज्येष्ठ नागरिक) | १९९५१२३१३३७३८ | ९३१० | १२००० | २६९० |
| ५ | ठगिया डगौरा थारू (२ नं. वडा, ज्येष्ठ नागरिक) | १९९८१२३१६४३०७ | ३७२४ | १२००० | ८२७६ |
| ६ | गौरी लाल बोहरा (३ नं. वडा, ज्येष्ठ नागरिक) | २००१०२०३०३१९३ | ५१८७ | १२००० | ६८१३ |
| ७ | केवले कामी (३ नं. वडा, ज्येष्ठ नागरिक) | २००६१२३०८०१८७ | ८५१२ | १२००० | ३४८८ |
| ८ | लालमनि बोहरा (४ नं. वडा, ज्येष्ठ नागरिक) | २०१०१११७०३०१२ | ७४६६ | १२००० | ४५३४ |
| ९ | खलु देवी कामी (४ नं. वडा, ज्येष्ठ नागरिक) | २०१२०५०५०१७५१ | ५७३३ | १२००० | ६२६७ |
| १० | कौसीला देवी ओझा (४ नं. वडा, ज्येष्ठ नागरिक) | २००३१२३०७७२८३ | ९८६६ | १२००० | २१३४ |
| ११ | मोते तिरूवा (४ नं. वडा, ज्येष्ठ नागरिक) | २०१०१२३११०९८३ | ४००० | १२००० | ८००० |
| १२ | भोजेली चौधरी (४ नं. वडा, ज्येष्ठ नागरिक) | १९८०१००५००१८२ | ८२६६ | १२००० | ३७३४ |
| १३ | बामी चौधरी (४ नं. वडा, ज्येष्ठ नागरिक) | १९८३१२३०१९५७८ | ५०५४ | १२००० | ६९४६ |
| १४ | हरीना बुढा (४ नं. वडा, ज्येष्ठ नागरिक) | २००४०५०८००७५४ | १७२९ | १२००० | १०२७१ |
| १५ | कंसे कढायत (४ नं. वडा, ज्येष्ठ नागरिक) | २००५१००६०१०४३ | २००० | १२००० | १०००० |
| १६ | खन्टे साँउद(४ नं. वडा, ज्येष्ठ नागरिक) | २००७१०१३०१४८२ | २००० | १२००० | १०००० |
| १७ | नन्दा देवी सिंह (४ नं. वडा, ज्येष्ठ नागरिक) | २००४०१०५०५५४३ | ८९११ | १२००० | ३०८९ |
| १८ | पवि रावल (४ नं. वडा, ज्येष्ठ नागरिक) | २००८०४०४०११०२ | ६००० | १२००० | ६००० |
| १९ | राम व. अधिकारी (५ नं. वडा, ज्येष्ठ नागरिक) | २००८०३१००४८७३ | ७६०० | १२००० | ४४०० |
| २० | उदे दमाई (५ नं. वडा, ज्येष्ठ नागरिक) | २०१११२३१४३१४६ | ७०६६ | १२००० | ४९३४ |
| २१ | लाली पुलामी (७ नं. वडा, ज्येष्ठ नागरिक) | २००८०६०४००६२३ | ६००० | १२००० | ६००० |
| २२ | सुकरानी थारू (७ नं. वडा, ज्येष्ठ नागरिक) | १९९४१२३११००३६ | ५८६६ | १२००० | ६१३४ |
| २३ | बसन्ता दमाई (७ नं. वडा, ज्येष्ठ नागरिक) | १९८५१२३०३५१७३ | ४१३३ | १२००० | ७८६७ |
| २४ | नन्दकला क्षेत्रीनी (८ नं. वडा, ज्येष्ठ नागरिक) | २००४१२३०९१४०७ | ४००० | १२००० | ८००० |
| २५ | कौशिला जैसी (१० नं. वडा, ज्येष्ठ नागरिक) | १९९३१२३०८८६३६ | १०००० | १२००० | २००० |
| २६ | गौरी प्रसाद थारू(१० नं. वडा, ज्येष्ठ नागरिक) | २००८०६२४०१०३३ | ५२०० | १२००० | ६८०० |
| २७ | हिरा वोहरा (१० नं. वडा, ज्येष्ठ नागरिक) | २०००१११६००७४६ | १०१३३ | १२००० | १८६७ |
| २८ | मनीनाम जागरी (१० नं. वडा, ज्येष्ठ नागरिक) | २०१००७०२०२०७९ | ९२०० | १२००० | २८०० |
| २९ | तिले बुढा (१० नं. वडा, ज्येष्ठ नागरिक) | १९९७१२३१२८६९२ | ९४६६ | १२००० | २५३४ |
| ३० | धौली रोकाया (१० नं. वडा, ज्येष्ठ नागरिक) | २००५१२३१३८२८८ | १०१३३ | १२००० | १८६७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | लिखनी डगौरा थारू (१२ नं. वडा, ज्येष्ठ नागरिक) | १९९३०५१००१६३९ | ४८०० | १२००० | ७२०० |
| ३२ | पंचराम कठरिया थारू (१२ नं. वडा, ज्येष्ठ नागरिक) | १९८०१२३०१३४४५ | ८००० | १२००० | ४००० |
| | **जम्मा** | | **२१०३६९** | **३८४०००** | **१७३६३१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,६३१ |

२४ **शिक्षा तर्फ**

२४.१ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

२४.२ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन।जसवाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२४.३ **संस्थागत विद्यालय अनुगमन** – पालिका भित्र २९ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनविज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।
साथै, नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२४.४ **सामुदायिक सिकाई केन्द्र** - स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक

केन्द्रहरुलाई एकमुष्ट रु.२ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन वाफत सुखड सामुदायिक सिकाई केन्द्रलाई सञ्चालन अनुदान वाफत रू.१,८८,२००। निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८८,२०० |

२४.५ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ वटा सामुदायिक विद्यालयमा ४३३ शिक्षक दरवन्दी रहेकोमा सवै शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ।पालिका स्थित ५१ वटा सामुदायिक विद्यालयमा २०१३९ जना विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपुर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार/ संघिय अनुदान कोटा | निजिश्रोत (नगर अनुदान) | स्थायी | राहत | करार/ संघिय अनुदान कोटा | नीजि स्रोत (नगर अनुदान) | |
| १ | राष्ट्रिय मा.वि. सुखड | ५ | १५ | | १ | ४ | १५ | १ | १ | १४५१ |
| २ | विराट सनातन धर्म संस्कृति मा.वि. | ० | ६ | १ | २ | ० | ६ | १ | २ | २२३ |
| ३ | जनज्योती मा.वि.सुन्दरपुर | ० | ७ | २ | | ० | ७ | २ | | ५७१ |
| ४ | छडी मा.वि.बेलार | ३ | ५ | २ | | ३ | ५ | २ | | ७२१ |
| ५ | कपिलमुनी आ.वि.लक्ष्मीपुर | ० | ४ | | | ० | ४ | | | १२१ |
| ६ | कालिका प्रा.वि.सिङरुवा | ० | ४ | | | ० | ४ | | | ६४ |
| ७ | सनातन धर्म संस्कृति वेद विद्याश्रम | ० | ० | | | ० | ० | | | १७ |
| ८ | दशरथ नमूना मा.वि.साडेपानी | ७ | ७ | | ५ | ७ | ७ | | ५ | ११४२ |
| ९ | चौड्याल आ.वि. शिरानगर | २ | ३ | | २ | २ | ३ | | २ | २७० |
| १० | मालिका प्रा.वि.थुम्की | १ | १ | | २ | १ | १ | | २ | ११९ |
| ११ | मोहन्याल आ.वि. नारायणपुर | १ | ७ | | | १ | ७ | | | २०० |
| १२ | सरस्वती आधारभूत विद्यालय निम्दी | २ | ७ | | १ | २ | ७ | | १ | २९१ |
| १३ | समैजी आधारभूत विद्यालय जुरपानी | ३ | ५ | | १ | ३ | ५ | | १ | २७७ |
| १४ | गङ्गरी आधारभूत विद्यालय बगुलिया | ३ | ० | १ | ३ | ३ | ० | १ | ३ | २३३ |
| १५ | सीताकुण्ड मा.वि.गणेशपुर | ६ | १० | | १ | ६ | १० | | १ | ७३४ |
| १६ | राष्ट्रिय मा.वि. रामपुर | ३ | २ | २ | ३ | ३ | २ | २ | ३ | ६१४ |
| १७ | मेलघट्टी आ.वि.जनकपुर | १ | ४ | १ | १ | १ | ४ | १ | १ | ३३४ |
| १८ | घोडाघोडी आ.वि.भालुफाटा | ० | ५ | | ३ | ० | ५ | | ३ | १६५ |
| १९ | जनज्योती आ.वि.सिम्थरी | ३ | २ | १ | १ | ३ | २ | १ | १ | २८१ |
| २० | नव प्रभात प्रा.वि.माघी | ० | १ | | ३ | ० | १ | | ३ | ९२ |
| २१ | राष्ट्रिय लालीगुरास | ० | ० | | ३ | ० | ० | | ३ | ११९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा.वि.गैडाखेडा | | | | | | | | | |
| २२ | राष्ट्रिय मा.वि. देउकलिया | ४ | ३ | २ | ३ | ४ | ३ | २ | ३ | ३९४ |
| २३ | जनता आधारभूत विद्यालय सरैया | २ | २ | | ३ | १ | २ | १ | ३ | २७३ |
| २४ | जनप्रिय आ.वि. फारम ख | ० | ३ | १ | २ | ० | ३ | १ | २ | ३३८ |
| २५ | दरख मा.वि. हरिनगर | ७ | ८ | | ३ | ७ | ८ | | ३ | ११०० |
| २६ | कालिका आ.वि.शितलपुर | ० | ३ | | १ | ० | ३ | | १ | ४७ |
| २७ | बडातडो आ.वि. बछुरिया | ३ | २ | | २ | २ | २ | १ | २ | ४१४ |
| २८ | सरस्वती आ.वि.बसन्ता | ० | ३ | १ | २ | ० | ३ | १ | २ | ४९३ |
| २९ | बाल कल्याण आ.वि.करैचा | ० | ५ | १ | २ | ० | ५ | १ | २ | ३०१ |
| ३० | कण्ठेश्वर आ.वि.किर्तिपुर | ० | ३ | १ | २ | ० | ३ | १ | २ | १६२ |
| ३१ | राष्ट्रिय मा.वि. तारानगर | १२ | ६ | | ५ | १२ | ६ | | ५ | १५१४ |
| ३२ | मेलघट्टी मा.वि. दिपनगर | ३ | १० | | २ | ३ | १० | | २ | ७०४ |
| ३३ | बाल ज्योती आ.वि.जरही | ० | ४ | १ | १ | ० | ४ | १ | १ | ७४२ |
| ३४ | मोहनी आ.वि. तिलकनगर | ० | ५ | | | ० | ५ | | | १९५ |
| ३५ | भैरब आधारभूत विद्यालय लठौवा | २ | ५ | | १ | २ | ५ | | १ | ३४९ |
| ३६ | जनप्रगतिशील आ.वि. डुडापारी | १ | ४ | | | १ | ४ | | | ११० |
| ३७ | अनुग्रह प्रा.वि.आम्फाटा | ० | २ | | १ | ० | २ | | १ | ७६ |
| ३८ | सरस्वती मा.वि.शिखरझाला | ४ | ३ | २ | १ | ३ | ३ | ३ | १ | २१४ |
| ३९ | कालिका मा.वि.खल्लाखेत | ० | ६ | २ | ३ | ० | ६ | २ | ३ | ४०७ |
| ४० | राष्ट्रिय जनता आ.वि.फारम क | ० | ४ | १ | २ | ० | ४ | १ | २ | १८८ |
| ४१ | मोहन्याल आ.वि. गोदनी | ० | ३ | | १ | ० | ३ | | १ | ८३ |
| ४२ | शान्ति आ वि रतिपुर | ० | ० | | ० | ० | ० | | ० | |
| ४३ | कान्ति राज्यलक्ष्मी मा.वि.पहलमानपुर | ९ | ९ | | २ | ९ | ९ | | २ | १८५४ |
| ४४ | जनकल्याण मा.वि.थेवै | ० | ४ | २ | ३ | ० | ४ | २ | ३ | ३७९ |
| ४५ | बालबिकास आ.वि. आमखोइया | ० | ३ | १ | २ | ० | ३ | १ | २ | २०१ |
| ४६ | अमर शहिद स्मृती आ.वि.लठैया | २ | २ | १ | १ | २ | २ | १ | १ | २४२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | पहलमानसिंह मेमोरियल मा.वि.आम्बासा | १० | ११ | | | १० | ११ | | | ६३४ |
| ४८ | जनता आधारभूत विद्यालय तप्पा | १ | ३ | १ | १ | १ | ३ | १ | १ | २०६ |
| ४९ | आदर्श प्रा.वि.भलौवा | ० | १ | | २ | ० | १ | | २ | ९४ |
| ५० | राष्ट्रिय मा.वि. नकफोड्वा | ५ | ५ | १ | | ५ | ५ | १ | | ३५० |
| ५१ | बाल प्रा.वि.खोपा | ० | ३ | | | ० | ३ | | | ३६ |
| | जम्मा | १०५ | २२० | २८ | ८० | १०१ | २२० | ३२ | ८० | २०१३९ |

२४.६ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| **क्र.स.** | **विद्यालयकोनाम** | **शिक्षकसंख्या** | **विद्यार्थीसंख्या** | **शिक्षकविद्यार्थीअनुपात** |
|---|---|---|---|---|
| १ | कालिका आ.वि. शितलपुर | ४ | ४७ | १:१२ |
| २ | कालिका प्रा.वि. सिङरूवा | ४ | ६४ | १:१६ |
| ३ | विराट सनातन धर्म संस्कृति मा.वि. | ९ | २२३ | १:२५ |
| ४ | सीताकुण्ड मा.वि. गणेशपुर | १७ | ७३४ | १:४३ |
| ५ | जनज्योती मा.वि. सुन्दरपुर | ९ | ५७१ | १:६३ |
| ६ | राष्ट्रिय मा.वि. सुखड | २१ | १४५१ | १:६९ |
| ७ | छडी मा.वि. बेलार | १० | ७२१ | १:७२ |
| ८ | सरस्वती आ.वि. बसन्ता | ६ | ४९३ | १:८२ |
| ९ | बाल ज्योती आ.वि. जरही | ६ | ७४२ | १:१२४ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१२ देखि १:१२४ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

२४.७ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** – भौ.नं. १११ मिति २०८०।१०।२५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ। यस वर्ष ५०

वटा विद्यालयलाई जम्मा रू.६०,२१,८५०। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकको पालना हुनुपर्दछ।

२४.८ **स्यानिटरी प्याड-** भौ.नं. २९० मिति २०८१।०३।२१ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६३९३ जना रहेका छन। पालिकाले हेल्थ एण्ड हाइजिन प्रोडक्सन प्रा.लि. मोरङबाट (e-Bid मार्फत) ९७९००। थान स्यानिटरी प्याड रु.१९,८६,७१८ (मु. अ. कर समेत) मा खरिद भएकोमा १४७९१ थान मौज्दात रहेको विवरण प्राप्त भएको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२४.९ **विद्यार्थी संख्याको सत्यापन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नुपर्ने हुन्छ । विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नुपर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

२४.१० **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** – भौ.नं. ७६ मिति २०८०।१०।०८ शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को २.८.५ को क्रियाकलाप नं. २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनको लागि वार्षिक रु.१२,०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ५० वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रू.१२,०००।०० को दरमा रू.६,००,०००। रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

२४.११ **विद्यालयको लेखापरीक्षण** – भौ.नं. ७६ मिति २०८०।१०।०८ पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न ५० विद्यालयहरुलाई रू.५८५०००। भुक्तानी गरेको छ ।पालिकाले लेखापरीक्षण प्रतिवेदनमा देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नुपर्दछ ।

२५ **दिवा खाजा**

आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले शसर्त अनुदानबाट कुल ५१ विद्यालयको लागि दिवा खाजा बापत रू.१,०७,२७,१००। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र

विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

२६ **विज्ञान प्रयोगशाला**

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को बुँदा नं. ९.६ मा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाको लागि एकमुष्ट रु.६५००००।०० अनुदान दिने व्यवस्था छ।यस वर्ष पालिकाले श्री सरस्वती मा.वि. शिखरझालालाई रु.६५००००।०० र राष्ट्रिय मा.वि. सुखडलाई विज्ञान प्रयोगशालाको लागि रु.६५००००।०० गरी जम्मा १३०००००। निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामाग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुन आधार देखिदैन। अत: प्राविधिक तथा ल्याब सामाग्री खरिदमा निर्देशिकामा उल्लिखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नुपर्दछ।

२७ **आइसिटी ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गर्न परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

| क्र.स. | विद्यालयको नाम | निकाशा रकम |
|---|---|---|
| १ | वडातडो मा.वि. बछुरिया | ६५०००० |
| २ | चौड्याल आ.वि. सिराननगर | ६५०००० |
| ३ | जनता आ.वि. तप्पा | ६५०००० |
| | जम्मा | १९५०००० |

२८ **शैक्षिक अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र.स. | विद्यालयलाई अनुदान | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १ | अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २१ | १४५०५१९२ |
| २ | छात्रवृत्ति | ५० | ३१५१८०० |
| ३ | आवासिय छात्रवृत्ति अनुदान | १ | ७२०००० |
| ४ | विपन्न लक्षित छात्रवृत्ति | १३ | १५८४००० |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५० | १०६०००० |
| | **जम्मा** | | **२१०२०९९२** |

२९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्षको खरिद गरेको नदेखिएन र यस वर्ष ८०० थान को रु.६,३५,६०० खरिद गरेकोमा गत वर्ष ८३९ जना र यस वर्ष ७४० जना गरी १५७९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएकोमा गत वर्ष ११५२ अल्या भइ आएकोमा ८३९ थान वितरण हुँदा यस वर्ष अल्या भएको ३१३ थान र खरिद गरेको ८०० थान सहित १११३ थानमध्ये ७४० थान यस वर्ष वितरण हुँदा पनि ३७३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३० **आमा सुरक्षा कार्यक्रम**

संघीय शसर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहवाट कार्यान्वियन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ। कार्यक्रम सञ्चालन मार्गदर्शनको क्रियाकलाप नं. ७ को ३ मा सि.नं. २.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ। पालिकामा शिखर झाला आधारभुत स्वास्थ्य सेवा केन्द्रमा वार्षिक ४५ अर्थात, मासिक औषत ५ भन्दा कम प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ। पालिकाले उल्लेखित संस्थामा समेत अ.न.मी. करारमा खटाइ तलब भुक्तानी गरेको पाईएकोले यस्तो कार्यमा सुधार गरी मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा वर्थिङ्ग सेन्टरमा करार अ.न.मी. खटाउने कार्य गर्नुपर्दछ।

३१ **दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारी**

स्वास्थ्य सेवा ऐन, २०५३ को अनुसूची-२.१ अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैठौं तहका (हे.इ.कन.), २ जना पाँचौं तहका (हे.इ.) र २ जना चौथो तहका (हे.इ.कन.) गरी ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिस्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था छ । पालिकामा स्वास्थ्य तर्फ २७ जनाको दरवन्दी रहेकोमा २८ जनाको (१ जना सि.अ.न.मि. निरिक्षक दरवन्दी भन्दा वढी) पदपूर्ति भई तलब भत्ता भूक्तानी भएको छ । हिमाली पहाडी तथा दुर्गम पालिकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सामान्य स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन कठिन भएको अवस्थामा दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी हाजिर गराउनु उचित देखिदैन। स्वास्थ्यकर्मी आवश्यक भएमा ओ एण्ड एम गरी सोही अनुसार प्रक्रिया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दी भन्दा बढी कार्यरत कर्मचारीहरुलाई अन्यत्र पठाउने व्यवस्था हुनुपर्दछ ।

३२ **मातृ तथा नवजात शिशु कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत बर्थिङ्ग सेन्टरमा काम गर्ने नर्सिङ्ग कर्मचारीहरूलाई रात्री खाजा खर्च वाफत वर्षभरि निम्नानुसार जम्मा रू.२,७२,८५०। भुक्तानी भएकोमा १५ प्रतिशतका दरले जम्मा रू.४०,९८८। कर कट्टि गर्नुपर्नेमा रू.४,०९६। मात्र कर कट्टि गरेकोले कट्टा गर्न वाँकी रकम रू.३६,८९२। कट्टि गरि दाखिला गर्नुपर्ने रू.

| सि.नं. | कर्मचारिको नाम र पद | खाजा खर्च भुक्तानी | कट्टि हुनुपर्ने | कट्टि भएको | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | सि.अ.न.मी. सरिता वोहरा | २७४५० | ४११७ | ४११ | ३७०६ |
| २ | अ.न.मी. पुजा रावल | २७३०० | ४०९४ | ४०९ | ३६८५ |
| ३ | स्टाफ नर्स ज्योती चौधरी | २६१०० | ३९१४ | ३९१ | ३५२३ |
| ४ | अ.न.मी. रेखा कुमारी आचार्य | २८६५० | ४२९७ | ४२९ | ३८६८ |
| ५ | अ.न.मी. गङ्गा बुढा | २७१५० | ४०७२ | ४०७ | ३६६५ |
| ६ | अ.न.मी. पवित्रा कुमारी साउद | २७१५० | ४१३९ | ४१३ | ३७२६ |
| ७ | अ.अ.मी. दयादेवी चौधरी | ४३६५० | ६५४७ | ६५५ | ५८९२ |
| ८ | अ.न.मी. मनिमा चौधरी | १०६५० | १५९७ | १६० | १४३७ |
| ९ | सि.अ.न.मी. लालदेवी कु. चौधरी | २७००० | ४०४९ | ४०५ | ३६४४ |
| १० | अ.न.मी. बीना चौधरी | २७७५० | ४१६२ | ४१६ | ३७४६ |
| जम्मा | | २७२८५० | ४०९८८ | ४०९६ | ३६८९२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,८९२ |

### ३३ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। नमुना परीक्षणको क्रममा पालिकाले आपतकालीन तथा नगर अस्पताल समेतको गरी रु.१२४७३१०२.०० का औषधि विद्युत्तीय बोलपत्र, राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तथा सोझै खरिद गरेको छ। पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि Self life कम्तीमा दुई तिहाई बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ।

### ३४ कृषि पकेट कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत तोरी पकेटमा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू.१२ लाख बजेट विनियोजन भएकोमा रू.११,६१,२५४। खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि कार्यक्रमहरू:

| क्र.स | गो.भौ.नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ७१-२०८०।१०।०६ | तेलहन बाली पकेट विकास कार्यक्रम अन्तर्गत तोरि पकेट | सोनिमा महिला कृषक समुह | २६९७५३ |
| २ | ७१-२०८०।१०।०६ | तेलहन बाली पकेट विकास कार्यक्रम अन्तर्गत तोरि पकेट | संगीनी कृषक महिला समुह | २७३१९८ |
| ३ | ७१-२०८०।१०।०६ | तेलहन बाली पकेट विकास कार्यक्रम अन्तर्गत तोरि पकेट | सयपत्री महिला कृषक समुह | ५२९८२१ |

३५ **किसान सुचिकरण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले किसान सुचिकरण कार्यक्रम अन्तर्गत कृषक स्वयमसेवकहरूलाई निर्वाह भत्ता वाफत वर्षभरि जम्मा रू.२,४०,०००। भुक्तानी भएकोमा १५ प्रतिशतका दरले जम्मा रू.३६,०००। कर कट्टि गर्नुपर्नेमा रू.२,४००। मात्र कर कट्टि भएकोले अपुग कर रकम रू.३३,६००। कट्टा गरी दाखिला गर्नुपर्ने रू.

| सि.नं. | भौ.नं. र मिति | कृषक स्वयसेवकको नाम | भुक्तानी रकम | कर कट्टि हुनुपर्ने रकम | कर कट्टि भएको रकम | कर कट्टि हुन बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | २४९-२०८१।०३।१३, १७६-२०८१।०१।२७ | शर्मिला चौधरी | ६०००० | ९००० | ६०० | ८४०० |
| २ | २४९-२०८१।०३।१३, १७६-२०८१।०१।२७ | सिताराम चौधरी | ६०००० | ९००० | ६०० | ८४०० |
| ३ | २४९-२०८१।०३।१३, १७६-२०८१।०१।२७ | शारदा चौधरी | ६०००० | ९००० | ६०० | ८४०० |
| ४ | २४९-२०८१।०३।१३, १७६-२०८१।०१।२७ | चक्र व. डगौरा | ६०००० | ९००० | ६०० | ८४०० |
| जम्मा | | | २४०००० | ३६००० | २४०० | ३३६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,६०० |

३६ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा खरिद गरेको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य खलाई जिन्सी किताबमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। तपशिलका सफ्टवेयर तथा परामर्श सेवा पालिकाले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली(PAMS) मा दाखिला प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नपर्ने रु.

| क्र स | विवरण | आपूर्तिकर्ता/परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता डिजिटाईजेसन प्रणाली | कुशल इन्टरनेशनल | ३५०००० |
| **जम्मा** | | | **३५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

३७ **खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ। त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ। यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा Hard Copy मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो। खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ। विद्युतीय खरिद व्यवस्थापनलाई प्रयोगमा ल्याउनु पर्दछ।

| **खरिदको विवरण** | **छनौट भएको व्यवसायीको नाम** | **सम्झौता रकम मु अ करबाहेक** | **लागत अनुमान भन्दाघटिएको प्रतिशत** |
|---|---|---|---|
| River Tranning embankment work at simthari kauwa Bridge | चादनी चन्द्र विकास जे.भि. | १८०६३११ | ०.८०% |
| River Tranning work stone machnary construction at simthari kauwa Bridge | चादनी चन्द्र विकास जे.भि. | १९७५१०८ | १.०८% |

३८ **मु.अ. कर कट्टि**

मूल्य अभिवृद्दि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी वा सार्वजनिक निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वापत भुक्तानी गर्दा निजलाई भुक्तानी गरिने मु.अ. कर रकमको ३० प्रतिशतले हुने रकम निज आपुर्तिकर्ताको नाममा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई मु.अ. कर भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धितको व्यक्ति तथा फर्मको नामबाट आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको नपाइएकोले मुअकर समायोजन पत्र पेश हुनु पर्दछ।रु.

| भौ न मिति | योजनाको नाम | आपुर्तिकर्ताको नाम | भुक्तानी भएको मु अ कर | कट्टि गरी दाखिला गर्नु पर्ने मु अ कर |
|---|---|---|---|---|
| ३९८(२०८०।३।५) | अव्यवस्थित जग्गा नाँपजाँच | जिपिएस टेक्नोलोजीज प्रालि | २१५६७० | ६४७०१ |
| ३९८(२०८०।३।५) | अव्यवस्थित जग्गा नाँपजाँच | न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रालि | २१८५७० | ६५५७१ |
| ३९८(२०८०।३।५) | अव्यवस्थित जग्गा नाँपजाँच | पिनाकल इन्जिनियरिङ्ग सोलुसन एण्ड कन्सल्टेन्सी प्रालि | २१८५७१ | ६५५७१ |
| ३९८(२०८०।३।५) | अव्यवस्थित जग्गा नाँपजाँच | राघवी इन्जिनियरिङ्ग सर्भिसेज प्रालि | २०७०७८ | ६२१२३ |
| **जम्मा** | | | **८५९८८९** | **२५७९६६** |
| | | | प्रमाण पेश नगरेको | २,५७,९६६ |

३९ **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। लठुवा रोड कालोपत्रे कार्यको लागि चौडेल निर्माण सेवासँग रु.६२०२२४४.०० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा प्रिमिक्स वापत बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| कालोपत्रे सडकको लम्बाई | चौडाई(Carriage way) | प्रिमिक्सको उचाई | जम्मा परिमाण(भुक्तानी हुनुपर्ने) | भुक्तानी भएको | दर | बढी भुक्तानी(मू अ कर सहित) |
|---|---|---|---|---|---|---|
| ११०० मि. | ५.५ मि. | ०.०२५ मि. | १५१.२५ घनमिटर | १६४.८८ घनमिटर | ८००० | १२३२१५ |
| | | | | | असुल गर्नुपर्ने | १,२३,२१५ |

## ४० बजेट सुनिश्चितता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेटको व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। पालिकाले तपशिलका ठेक्का बजेट बजेट सुनिश्चितता नभई बोलपत्र आवहान आवहान गरेको देखिन्छ। बजेट सुनिश्चितता नभएको कारण सडक निर्माण कार्यको परिमाण कम गरी बोलपत्र मूल्याङ्कन तथा सम्झौता गरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ। पालिकाले बजेट सुनिश्चित नगरी बोलपत्र आवहान गर्दा निर्माण कार्य तोकियबमोजिम गुणस्तर नहुने तथा ठेक्का व्यवस्थापनमा जटिलता उत्पन्न हुने हुँदा बजेटको सुनिश्चितता गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

| क्र.सं. | योजना | निर्माण व्यवसायी | लागत अनुमान (बोलपत्र प्रकाशन गर्दा) | लागत (मूल्याङ्कन र सम्झौता गर्दा) | सम्झौता रकम |
|---|---|---|---|---|---|
| १ | प्रेम विष्टको घर देखी दक्षिण कालोपत्रे वडा नं. ३ | ओम मष्टा निर्माण सेवा | ४१८२१३० | २५५६९०२ | १९९४६८० |
| २ | सत्य नारायणको घरदेखि वडा कार्यालय सम्म कालोपत्रे | ओम मष्टा निर्माण सेवा | ४५२५६२० | २८३३९३१ | २१९४९६० |
| **जम्मा** | | | **८७०७७५०** | **५३९०८३३** | **४१८९६४०** |

## ४१ ट्रयाक कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300– BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले निम्न सडक कालोपत्रे कार्यमा ट्रयाक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।रु.

| योजना | निर्माण व्यावसायी | ट्रयाक कोटको क्षेत्रफल | नमर्स अनुसार(लि.) | भुक्तानी भएको(लि.) | दर | बढी भुक्तानी मू अ कर सहित |
|---|---|---|---|---|---|---|
| प्रेम विष्टको घर देखी दक्षिण कालोपत्रे वडा नं. ३ | ओम मष्टा निर्माण सेवा | १७१० व.मि. | १०२६ लि. | १३६८ लि. | ११० | ४२५१० |
| सत्य नारायणको घरदेखि वडा कार्यालय सम्म कालोपत्रे | ओम मष्टा निर्माण सेवा | १९३८ व.मि. | ११६३ लि. | १५४० लि. | ११० | ४८१७८ |
| स्वास्थ्य चौकी देखि मेला मैदान जाने बाटो कालोपत्रे वडा नं. ११ | आर बि निर्माण सेवा | १७७६ व.मि. | १०६६ लि. | १४२१ लि. | ११० | ४४१५२ |
| सिसैया टोल चोक देखी खेल मन्दिर जाने बाटो कालोपत्रे तिल्कानिपुर वडा नं.११ | ओम मष्टा कन्स्ट्रक्सन प्रालि | १८०० व.मि. | १०८० लि. | १४४० लि. | ११० | ४४७४८ |
| लठुवा रोड कालोपत्रे | चौडेल निर्माण सेवा | ६६०० व.मि. | ३९६० लि. | ५२७६ लि. | १०० | १४९१६० |
| बमको घर देखि रिङ्गरोड छुने गरी पिपल्डाडा बाटो कालोपत्रे वडा नं. १ | कालिरक्षा एण्ड सप्लायर्स घोनपा १० | १२३१ व.मि. | ७३९ लि. | ९८५ लि. | १२० | ३३३९५ |
| कालिका मन्दिर देखि सरस्वती मावि जाने बाटो कालोपत्रे वडा नं. ९ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १०६० व.मि. | ६३६ लि. | ८४८ लि. | १३० | ३११४३ |
| रामपुर देखि मेल्घट्टी मावि सम्म बोटो कालोपत्रे वडा नं. ४ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | ११९६ व.मि. | ७१८ लि. | ८८० लि. | १२० | २१९६७ |
| वडा नं. ४ को गणेशपुर देखि सिताकुण्ड मावि सम्म कालोपत्रे वडा नं. ४ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | १२०० व.मि. | ७२० लि. | ८८०लि. | १२० | २१६९६ |
| खोपा जाने बाटो कालोपत्रे वडा नं. १२ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| नक्फोडुवा शिव मन्दिर देखि अश्नाबाबा जाने बाटो कालोपत्रे | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| थारु टोल देखि धुम्निभकल जाने बाटो कालोपत्रे वडा नं. १० | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १०५८ व.मि. | ८४८ लि. | ६३५ लि. | १३० | ३१२४२ |
| बैराह खोला देखि तारानगर स्कुल हुदै जाने बाटो कालोपत्रे वडा नं. ८ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १०५८ व.मि. | ८४८ लि. | ६३५ लि. | १३० | ३१२४२ |
| पिपल चोक देखि दक्षिण चन्द्रम चौधरीको घर सम्म जाने बाटो कालोपत्रे वडा नं. ९ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| वडा कार्यालय हुदै बन्बाशा जाने बाटो कालोपत्रे वडा नं. १२ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| रिङ्गरोड देखि छवि मावि हुदै खोप केन्द्र सम्म कालोपत्रे वडा नं. १ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १०५८ व.मि. | ८४८ लि. | ६३५ लि. | १३० | ३१२४२ |
| रोगायको घर पश्चिम टप्पा गाँउ जाने बाटो कालोपत्रे वडा नं. ११ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| थबै देखि कान्द्रा झोलुङ्गे पुल सम्म बाटो कालोपत्रे वडा | न्यू कुमारी कन्स्ट्रक्सन | १०५८ व.मि. | ८४८ लि. | ६३५ लि. | १३० | ३१२४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नं.१० | घोनपा ५ | | | | | |
| लठुवा रोड कालोपत्रे कार्य वडा नं. ८ | मंगलासैनी विल्डर्स एण्ड सप्लायर्स | ९५१४ व.मि. | ५७०८ लि. | ७६११ लि. | १३० | २७९५५० |
| जुरपानी नाला देखी पटेङ्गना चोक सम्म कालोपत्रे वडा नं. ७ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | २६४० व.मि. | १५८४ लि. | २११२ लि. | १३० | ७७५६४ |
| वडा कार्यालय पूर्व बरौया हुदै जुरपानी जाने बाटो कालोपत्रे वडा नं. ३ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| खराही चोक पश्चिम दरख मावि हुदै राजिपुर पच्घरा जाने बाटो कालोपत्रे वडा नं.७ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| देउकलिया राष्ट्रिय मावि देखि वडा नं. ५ को कार्यालय जाने बाटो कालोपत्रे वडा नं. ५ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| नमस्ते चोक देखि दक्षिण जाने बाटो कालोपत्रे वडा नं. २ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १२०० व.मि. | ७२० लि. | ९६०लि. | १५० | ४०६८० |
| **जम्मा** | | | | | | **१२८५१५१** |
| | | | | | असुल गर्नुपर्ने | १२,८५,१५१ |

४२ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार लागत अनुमान भन्दा १५ प्रतिशत भन्दा कमको कवोल अङ्क भएमा कवोल अङ्कको ५ प्रतिशत र सो भन्दा बढि जति रकमले घटि कवोल भएको छ । सोको पचास प्रतिशतले हुने रकम समेत थप गरी कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र सोको अवधि त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढिको हुनु पर्ने व्यवस्था छ। निम्नानुसार निर्माण कार्यको नियमावलीले तोकेको अवधि भन्दा कम अवधिको कार्यसम्पादन जमानत संलग्न रहेकोले कानुनमा भएको व्यहोरा सबै ठेक्कामा लागु नगर्नु जिम्मेवार व्यक्ति समेतले यथोचित ध्यान पुर्‍याएको पाइएन। यस्तो अवस्थामा त्रुटी सुधार गर्ने अवधि भित्र कुनै सुधार गर्नु पर्ने अवस्था आएमा सम्बन्धित व्यवसायीवाट त्रुटी सुधार हुन्छ भनि विश्वस्त हुने अवस्था समेत नरहेकोले त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढिको कार्य सम्पादन जमानतको म्याद थप गर्नुपर्दछ।

| योजना | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यसम्पादन जमानत | कार्यसम्मन्नभएको/हुनुपर्ने मिति | कार्यसम्पादन जमानतको अवधि | कार्यसम्पादन जमानतको हुनुपर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रेम विष्टको घर देखी दक्षिण कालोपत्रे वडा नं. ३ | ओम मष्टा निर्माण सेवा | १९९४६८० | १८५००० | २०८१।१।१७ | २०८१। १०।१५ | २०८२।२। १७ | सम्पन्न |
| सत्य नारायणको घरदेखि वडा कार्यालय सम्म कालोपत्रे | ओम मष्टा निर्माण सेवा | २१९४९६० | २१२००० | २०८१।१।२० | २०८१। १०।२५ | २०८२।२। २० | सम्पन्न |
| स्वास्थ्य चौकी देखि मेला मैदान जाने बाटो कालोपत्रे वडा नं. ११ | आर बि निर्माण सेवा | १८७१२३८ | २४५००० | २०८१।१।१७ | २०८१। १०।१७ | २०८२।२। १७ | सम्पन्न |
| सिसैया टोल चोक देखी खेल मन्दिर जाने बाटो कालोपत्रे तिल्कानिपुर वडा नं.११ | ओम मष्टा कन्स्ट्रक्सन प्रालि | २०४०४४० | २०३००० | २०८१।३।२३ | २०८१। १०।१५ | २०८२।४। २३ | सम्पन्न |
| बमको घर देखि रिङ्गरोड छुने गरी पिपल्डाडा बाटो कालोपत्रे वडा नं. १ | कालिरक्षा एण्ड सप्लायर्स घोनपा १० | १५६६७१६ | ७८५०० | २०८१।१।१६ | २०८१।६। १२ | २०८२।७। १२ | सम्पन्न |
| कालिका मन्दिर देखि सरस्वती मावि जाने बाटो कालोपत्रे वडा नं. ९ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १४९९९६९ | ७५००० | २०८१।२।७ | २०८१।७। ५ | २०८२।३। ७ | सम्पन्न |
| रामपुर देखि मेल्घट्टी मावि सम्म बोटो कालोपत्रे वडा नं. ४ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | १३४०२६४ | १४५५०० | २०८१।३।१ | २०८१।६। ७ | २०८२।४। १ | सम्पन्न |
| वडा नं. ४ को गणेशपुर देखि सिताकुण्ड मावि सम्म कालोपत्रे वडा नं. ४ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | १३४५६८८ | १४३००० | २०८१।३।६ | २०८१।६। ७ | २०८२।४। ६ | सम्पन्न |
| खोपा जाने बाटो कालोपत्रे वडा नं. १२ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १७१०९०४ | ८६००० | २०८१।३।५ | २०८१।६। ९ | २०८२।४। ५ | सम्पन्न |
| नक्फोडुवा शिव मन्दिर देखि अश्नाबाबा जाने बाटो कालोपत्रे | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १७१६५५४ | ८६००० | २०८१।१।२० | २०८१।६। ९ | २०८२।२। २० | सम्पन्न |
| थारु टोल देखि धुम्निभकल जाने बाटो कालोपत्रे वडा नं. १० | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १४९९०३४ | ७५००० | २०८१।२।१३ | २०८१।७। ५ | २०८२।३। १४ | सम्पन्न |
| बैराह खोला देखि तारानगर स्कुल हुदै जाने बाटो कालोपत्रे वडा नं. ८ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १५६१२०३ | ७५००० | २०८१।२।२९ | २०८१।७। ५ | २०८२।३। २९ | सम्पन्न |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पिपल चोक देखि दक्षिण चन्द्रम चौधरीको घर सम्म जाने बाटो कालोपत्रे वडा नं. ९ | रामारोशन निर्माण सेवा रतिपुर १, घोनपा | १७०१४१२ | ८५१०० | २०८१।३।६ | २०८१।६।७ | २०८२।४।६ | सम्पन्न |
| वडा कार्यालय हुदै बन्बाशा जाने बाटो कालोपत्रे वडा नं. १२ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १७१०९०४ | ८६००० | २०८१।२।२७ | २०८१।६।९ | २०८२।३।२७ | सम्पन्न |
| रिङ्गरोड देखि छवि मावि हुदै खोप केन्द्र सम्म कालोपत्रे वडा नं. १ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १४९५०८१ | ७५००० | २०८१।२।२९ | २०८१।७।५ | २०८२।३।२९ | सम्पन्न |
| रोगायको घर पश्चिम टप्पा गाँउ जाने बाटो कालोपत्रे वडा नं. ११ | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १७१२२६० | ८६००० | २०८१।१।२० | २०८१।६।९ | २०८२।२।२० | सम्पन्न |
| थबै देखि कान्द्रा झोलुङ्गे पुल सम्म बाटो कालोपत्रे वडा नं.१० | न्यू कुमारी कन्स्ट्रक्सन घोनपा ५ | १४९६६३८ | ७५००० | २०८१।२।१३ | २०८१।७।५ | २०८२।३।१३ | सम्पन्न |
| घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण | ओम मष्टा कन्स्ट्रक्सन प्रालि घोडाघोडी १, सुखड कैलाली | ७६९५७६३ | १६३६५३० | २०८१।५।३० | २०८१।५।३० | २०८३।३।१८ | |
| घोडाघोडी बहुमुखी क्याम्पसको छात्रावास निर्माण | क्रियटिभ थ्रि ब्रोर्दश कन्स्ट्रक्सन एण्ड सर्भिसेस | २०२१४२६ | ४७२००० | २०८१।३।३१ | २०८२।२।२९ | २०८२।४।३१ | |
| प्राथमिक अस्पताल भवन निर्माण | राजेन्द्र निर्माण सेवा | ९५३२९३६६ | ६७४३००० | २०८२।३।३१ | २०८२।११।२५ | २०८३।४।३१ | |
| जुरपानी नाला देखी पटेङ्गना चोक सम्म कालोपत्रे वडा नं. ७ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | ३८५२१४६ | १९३००० | २०८०।१२।२७ | २०८१।१०।१५ | २०८२।१।२७ | सम्पन्न |
| वडा कार्यालय पूर्व बरौया हुदै जुरपानी जाने बाटो कालोपत्रे वडा नं. ३ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १६५७७९४ | ८३००० | २०८०।१२।२८ | २०८१।६।११ | २०८२।१।२८ | सम्पन्न |
| खराही चोक पश्चिम दरख मावि हुदै राजिपुर पच्घरा जाने बाटो कालोपत्रे वडा नं.७ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १६५१४६६ | ८३००० | २०८०।१२।२८ | २०८१।६।११ | २०८२।१।२८ | सम्पन्न |
| देउकलिया राष्ट्रिय मावि देखि वडा नं. ५ को कार्यालय जाने बाटो कालोपत्रे वडा नं. ५ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | १७२९६६२ | ८६५०० | २०८०।१२।२८ | २०८१।६।११ | २०८२।१।२८ | सम्पन्न |
| नमस्ते चोक देखि दक्षिण जाने बाटो कालोपत्रे वडा नं. | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी | १६५९१५० | ८३००० | २०८०।१२।२८ | २०८१।६।११ | २०८२।१।२८ | सम्पन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ७ | | | | | | |

४३ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ।

| क्र स | योजनाको नाम | सम्बद्ध निर्माण व्यवसायी | कूल लागत अनुमान |
|---|---|---|---|
| १ | प्रेम विष्टको घर देखी दक्षिण कालोपत्रे वडा नं. ३ | ओम मष्टा निर्माण सेवा | २५५६९०२ |
| २ | सत्य नारायणको घरदेखि वडा कार्यालय सम्म कालोपत्रे | ओम मष्टा निर्माण सेवा | २८३३९३१ |
| ३ | स्वास्थ्य चौकी देखि मेला मैदान जाने बाटो कालोपत्रे वडा नं. ११ | आर बि निर्माण सेवा | २६३६४२५ |
| ४ | सिसैया टोल चोक देखी खेल मन्दिर जाने बाटो कालोपत्रे तिल्कानिपुर वडा नं.११ | ओम मष्टा कन्स्ट्रक्सन प्रालि | २६३६४२५ |
| ५ | लठुवा रोड कालोपत्रे | चौडेल निर्माण सेवा | ९२६६७५५ |
| ६ | घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण | ओम मष्टा कन्स्ट्रक्सन प्रालि घोडाघोडी १, सुखड कैलाली | १२०२५११४ |
| ७ | घोडाघोडी बहुमुखी क्याम्पसको छात्रावास निर्माण | क्रियटिभ थ्रि ब्रोर्दश कन्स्ट्रक्सन एण्ड सर्भिसेस | ३२४९०९३ |
| ८ | घोडाघोडी बहुमुखी क्याम्पस परिक्षा हल निर्माण | एन आर के रिलायबल ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि | ५०००००० |
| ९ | डोडा नदि क्षेत्रमा तटबन्धन सहितको डम्पिङ साइट निर्माण | प्रेमशी निर्माण सेवा | ९७३८५६० |
| १० | जुरपानी नाला देखी पटेङ्गना चोक सम्म कालोपत्रे वडा नं. ७ | बुट्का बाबा निर्माण सेवा प्रालि घोडाघोडी ७ | ४१५३०२६ |

४४ **एज विल्ट ड्रईङ् र ईलेक्ट्रिकल कार्यको विल पेश नभएको**

घोडाघोडी बहुमुखी क्याम्पसको परिक्षा हल निर्माण कार्यको लागि निर्माण व्यवसायी एन आर के रिलायबल ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन र पालिका वीच भएको सम्झौतामा निर्माण व्यवसायीले निर्माण सम्पन्न भए पश्चात निर्मित संरचनाको एज बिल्ड ड्रइङ र पि एस आइटममा राखिएको ईलेक्ट्रिकल कार्यको विजक पेश गर्नुपर्ने अन्यथा रू.८२५००.०० भुक्तानी कटाएर बाँकी राख्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको अन्तिम भुक्तानीमा एज विल्ड ड्रईङ् र ईलेक्ट्रिकल कार्यको बिल बिना भुक्तानी भएकोले सो वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,५०० |

४५ **प्राथमिक अस्पताल भवन निर्माण**

एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत अस्पताल निर्माणको लागि पालिका र राजेन्द्र निर्माण सेवा विच मिति २०७८।१। २९ मा रू.९५३२९३६६.०० मा २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो। कार्यापालिकाको निर्णय अनुसार मिति २०८२ असार मसान्तसम्म दोस्रो पटक सम्झौताको म्याद थप भएको छ। निर्माण व्यवसायीलाई हालसम्मा रू.६२३८४६५.०० अर्थात सम्झौता मूल्यको ६.५ प्रतिशत मात्र भुक्तानी भएको देखीयो। सम्झौताको शुरु अवधि सकिएर म्याद थप भएको १८ महिना समेत व्यतीत भैसक्दा समेत निर्माण व्यवसायीलाई सार्वजनिक जगामा फाउण्डेशनको केही काम बाहेक अन्य काम गर्ने स्पष्ट निर्देशन प्राप्त नभएकोले ठेक्का सम्झौता अन्यौलमा रहेको देखियो। पालिकाको आफ्नो नाममा जग्गा समेत प्राप्त नभएको अवस्थामा डिपिआर

स्वीकृत नगरी ठेक्का व्यवस्थापन नगर्नु पर्नेमा डिपिआर स्वीकृत नहुदै ठेक्का व्यवस्थापन भएको अवस्थाले सम्भावित ड्रविङ् डिजाईन परिवर्तन हुन सक्ने तथा स्रोतको उपलव्धता समेत सुनिश्चित नहुने र लागत समेत बढ्न सक्ने जस्ता विविध जोखिमलाई मध्ये नजर गरी मन्त्रालयसंग आबश्यक समन्वय गरी ठेक्का व्यवस्थापन कानून बमोजिम अगाडि बढाउनु पर्दछ।

## ४६ अधुरो योजनामा कार्यसम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार निर्माण कार्य, आपूर्ति कार्य लगातको कार्य सम्पन्न भए पश्चात कार्य स्वीकार प्रतिवेदन तयार गर्ने र नियम २५ अनुसार त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न नहुँदै जति कार्य भएको छ, त्यसैलाई नै कार्य सम्पन्न भएको उल्लेख गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ। यसबाट उक्त योजना पुर्ण रुपमा सञ्चालन पनि नहुने र आगामी वर्षमा उक्त योजनामा बजेट विनियोजन नहुने हुँदा त्यस्ता योजना अधुरो अवस्थामा नै रहने भएकाले गरिएको खर्चको सदुपयोग नहुने जोखिम रहन्छ। समयमा नै योजना सम्झौता गरि काम सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान पुर्याउनु पर्ने देखिन्छ।

| योजना | निर्माण व्यवसायी | सम्झौता रकम | हालसम्मको भुक्तानी | बाँकी काम |
|---|---|---|---|---|
| डोडा नदि क्षेत्रमा तटबन्धन सहितको डम्पिङ साइट निर्माण | प्रेमशी निर्माण सेवा | ९७३८५६० | ४०८७६३४ | ५८% |
| घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण | सफल निर्माण सेवा | ४११३८९५ | २६७९५८६ | ३४.८६% |

## ४७ बढि भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वडा नं. १ को कार्यालय पछाडी नाला निर्माण कार्यको लागि ओम मष्टा कन्स्ट्रक्सन प्रालि र पालिकाबिच सम्झौता भएकोमा फिल्ड निरीक्षणको क्रममा वास्तविक नाँपजाँच भन्दा बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनपर्ने रु.

| आईटम | भुक्तानी भएको चौडाई | वास्तविका चौडाई | लम्बाई | उचाई | जम्मा बढी परिमाण | दर | बढी भुक्तानी (मू अ कर सहित) |
|---|---|---|---|---|---|---|---|
| आरसिसी (१:१.५:३) | ३.९५ मि. | ३ मि. | २१.४५ मि. | ०.१० मिटर | २ घनमिटर | १६०६८ | ३६३१४ |
| डण्डी | ७५५ के.जि. | | | | १४२ के.जि. | १४२ | २९०४३ |
| **जम्मा** | | | | | | | ६५३५७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,३५७ |

## ४८ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ।नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ।नमुना परीक्षणको क्रममायो वर्ष रु.७४ लाख ५६ हजार २६३ निर्माण कार्य सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउन कार्यालयको ध्यान जानु पर्दछ।

| क्र.सं. | खरिद | आपूर्तिकर्ता/निर्माण व्यवसायी | भुक्तानी |
|---|---|---|---|
| १ | वडा नं. १२ अर्न्तगत त्रिवेणी खापा परिसरमा ट्वाईलेट र वाथरुम निर्माण योजना | न्यू कुमारी कन्स्ट्रक्सन | ९००१७१ |
| २ | नगरपालिका पार्किङ्ग ट्रष्ट निर्माण | जे एण्ड जे रावल कन्स्ट्रक्सन | ९५८०२५ |
| ३ | घोनपा २ स्थित घोडाघोडी नगर अस्पताल हाताभित्र ट्रस र फुटपाथ निर्माण | शाह ब्रदर्श एण्ड कन्स्ट्रक्सन | ९४५००० |
| ४ | लठुवा सडक कालोपत्रे वडा नं. ८ | अशना बाबा विल्डर्स एण्ड सप्लायर्स | ९६७११७ |
| ५ | नगरपालिकाको पार्किङ्ग ट्रस्ट निर्माण | प्रतिभा निर्माण सेवा | ९०४९३७ |
| ६ | पहलमानपुरको अधुरो इन्डोर हल निर्माण | रामारोशन नन्दमाता निर्माण सेवा | ९१०१४१ |
| ७ | तुलेकामीको घर जाने सडक स्तरोन्नती र कैलाश चौधरीको घरदेखी स्वास्थ्य केन्द्रसम्म सडक स्तरोन्नती | यु एम कन्स्ट्रक्सन | ९३२८६३ |
| ८ | सृजना वस्ती आमखोयामा शौचालय निर्माण वडा नं. १० | मुशे कन्स्ट्रक्सन प्रालि | ९३८००९ |
| **जम्मा** | | | **७४५६२६३** |

४९ **खरिद व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने नियम ८४ मा बीस लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र र नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा राष्ट्रियस्तरको खुला बोलपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ। नियमावलीको अनुसूची -१ मा निर्माण कार्यको लागत अनुमानको ढाँचा निर्धारण गरेको छ। जसअनुसार आइटमहरुको योगमा ४ प्रतिशतको कन्टिन्जेन्सी थप गरी जम्मा लागत अनुमानको अंक निर्धारण गर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा निम्न निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीको अंक थप नगरी लागत अनुमान तयार गरिएको देखिन्छ। आइटमको कुल योगमा ४ प्रतिशत कन्टिन्जेन्सी थप गरी हुन आउने अंकलाई कुल लागत अनुमान कायम गर्दा सो सिमा १० लाख र २० लाख नाध्ने र खरिद प्रकृया सीलबन्दी दरभाउपत्र र राष्ट्रिय स्तरको खुला बोलपत्रको माध्यामबाट अघि बढाउनुपर्ने देखिन्छ। यसरी कन्टिन्जेन्सीको अंक नजोडी लागत अनुमान तयार गरी सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले खरिदमा समेत प्रतिस्पर्धा नहुने देखियो। अत: लागत अनुमान अनुसूची -१ को ढाँचामा तयार गरी खरिद विधि छनौट गर्नुपर्नेमा सोझै खरिद गरिएको कार्य नियमसम्मत नभएको रु.

| **क्र.सं.** | **विवरण** | **निर्माण व्यवसायी/ आपूर्तीकर्ता** | **भुक्तानी/लागत अनुमान(कन्टिन्जेन्सी बाहेक)** | **हुनुपर्ने लागत अनुमान(कन्टिन्जेन्सी सहित)** |
|---|---|---|---|---|
| १ | वडा नं. ११ मा सिसैया तल्लो चोक देखी खेलमैदान जाने बाटो र स्वास्थ्य चौकी देखी मेला मैदान जाने बाटो ग्राभेल वडा नं. ११ | बुट्का वावा निर्माण सेवा | ९९५०४८ | १०३४८५० |
| २ | पिपलडाडा राम बहादुर चौधरीको घर नजिक कल्भर्ट निर्माण, पुरानो घोडाघोडी अस्पताल देखि चर्चसम्म बाटो ग्राभेल वडा नं. १ | जयन्ती कन्स्ट्रक्सन | ९९४२९३ | १०३४०६५ |
| ३ | सिम्थरी पक्की पुल देखी कौवा जाने बाटो ग्राभेल | खप्तड बावा निर्माण सेवा अर्डर सप्लायर्स | ९९३६४८ | १०३३३९४ |
| **जम्मा** | | | २९८२९८९ | ३१०२३०९ |

| | |
|---|---|
| अनियमित भएको | २९,८२,९८९ |

## ५० परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ।नियम ७२ अनुसार रू.२० लाख भन्दा बढिको परामर्श सेवा सोझै खरिद गर्न सकिने अवस्था देखिदैन।पालिकाले यो वर्ष भुमि आयोग अन्तर्गतको कार्य जग्गा नाप नक्सा गर्ने तथा नियन्त्रण विन्दु स्थापना गर्ने कार्यको लागि निम्नानुसार ४ परामर्शदातालाई रू.६६ लाख १४ हजार ५४३ भुक्तानी भएको देखियो। तसर्थ पालिकाले सम्भावित प्याकेज बनाई खरिदलाई प्रतिस्पर्धात्मक बनाउनु पर्दछ।

| क्र स | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | जि.पि.एस. टेक्नोलोजीज् प्रा.ली | १६५९००० |
| २ | न्यु प्लानेट इन्जिनियरिङ सर्भिसेज इन्जिनियरीङ | १६८१३१३ |
| ३ | पिनाकल इन्जिनियरिङ्ग सोलुसुन एण्ड कन्सलटेन्सी सर्भिसेज प्रा.ली. | १६८२३२१ |
| ४ | राघवी ईन्जिनियरिङ सर्भिसेज प्रा.ली | १९९२९०९ |
| जम्मा | | ६६१४५४३ |

## ५१ अधुरो ठेक्का

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ सम्झौता कार्यान्वयन, १२१ मा तोकिएको अवधिमा कार्य सम्पन्न नभएको अवस्थामा हुने पुर्व निर्धारित क्षतिपुर्ति तथा नियम १२७ मा सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सकिने लगायतको व्यवस्था छ। पालिकाले ठेक्का आहवान गरी सम्झौता भएका निम्नानुसारका ठेक्काको निर्माण कार्य नसकिएको अवस्थामा म्याद थप समेत भएको छैन। जस्ले गर्दा प्रतिफल विलम्वित हुनुका साथै हालसम्मको लगानी समेत खेर जाने जोखिम रहन्छ। अधुरो ठेक्काको नियमानुसार सम्झौताको कार्यान्वयन हुनु पर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्पन्न हुनु पर्ने म्याद | सम्झौता अङ्क | हाल सम्मको भुक्तानी | म्याद थप |
|---|---|---|---|---|---|
| रतिपुर बाटो वडा नं. ९ को कार्यालय जाने बाटो कालोपत्रे वडा नं. ९ | प्रेमसी निर्माण सेवा | २०८१।२।२८ | १३२३७६६ | ४४४५८१ | |
| नगरपालिका परिसरमा कल्भर्ट र वाल निर्माण | चौडेल निर्माण सेवा | २०८१।३।२० | २७२२३९० | ११०७८२१ | २०८२।३।३१ |
| घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण | ओम मष्टा कन्स्ट्रक्सन प्रालि घोडाघोडी १, सुखड कैलाली | २०८१।३।३१ | ७६९५७६३ | ४२७२२८० | २०८१।५।३० |
| घोडाघोडी बहुमुखी क्याम्पसको छात्रावास निर्माण | क्रियटिभ थ्रि ब्रोर्दश कन्स्ट्रक्सन एण्ड सर्भिसेस | २०८१।३।३१ | २०२१४२६ | १७१६२८० | |

## ५२ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम भुक्तानी दिनुपूर्व चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। ठेक्का नं. NCB/GUMN/WORKS/16/077/078(Construction of RCC Bridge kauwa khola joining simathari and kauwa village) चादनी कन्स्ट्रक्सन/ चन्द्र विकास जे.भि. लाई अन्तिम विल भक्तानीमा वास्तविक नापी किताव र ठेक्का विल भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।रु.

| गो.भौ.नं. र मिति | भुक्तानी रकम |
|---|---|
| ३(२०७८।१२।१६) | २९९०२०५ |
| ३(२०७९।६।१३) | ५२६०३४९ |
| ६(२०८०।१।३) | २६४२००० |
| १४(२०८०।६।९) | १०४८८५१ |
| १६६(२०८०।११।२३) | १५९७४३७ |
| १०(२०८०।११।२३) | ९९२६९६ |
| **जम्मा भुक्तानी रकम** | **१४५३१५३८** |
| **अन्तिम ठेक्का विल** | **१३७८२९३७** |
| **बढी भुक्तानी** | **७४८६०१** |

| असुल गर्नुपर्ने | ७,४८,६०१ |
|---|---|

५३ **मूल्य समायोजन**

सार्वजनिक खरिद नियमयावली, २०६४ को नियम ११८ तथा खरिद सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीलाइ मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ। कार्यालयले निर्माण व्यवसायी धुव्रतारा/ नेत्र जे.भि. लाई डोडा नदिमा पक्कि पुल निर्माण कार्यको मूल्य समायोजन वापत रनिङ्ग विलको भुक्तानी दिँदा फरक इन्डेक्स राखी गणना भएकोले निम्नानुसार बढी भुक्तानी भएको छ। अत: बढी भुक्तानी भएको मूल्य समायोजन बापतको रकम असुल हुनुपर्दछ। रु.

| **Bid Invitation Date: Aug 11, 2022** | | **L- 0.15, M- 0.65, E- 0.05** | | |
|---|---|---|---|---|
| **आइ.पि.सि.नं.** | **Date of bill submitted** | **विल रकम(without VAT and PS)** | **दिनुपर्ने फ्याक्टर** | **भुक्तानी हुनुपर्ने(मु अ कर बाहेक)** |
| 1st | 2023 Jun 21 | 6501335 | 0.0195 | 126776 |
| 2nd | 2023 Sep 11 | 6567982 | 0.0076 | 49917 |
| 3rd | 2023 Dec 11 | 10038582 | 0.0099 | 99382 |
| 4th | 2024 Jan 6 | 4395741 | 0.0033 | 14506 |
| **जम्मा भुक्तानी हुनुपर्ने** | | | | 290581 |
| **भुक्तानी भएको** | | | | 505824 |
| **बढी भुक्तानी** | | | | 215243 |
| **बढी भुक्तानी मू अ कर सहित** | | | | 243225 |

| असुल गर्नुपर्ने | २,४३,२२५ |
|---|---|

५४ **पेश्की रकम**

डोडा नदीमा पक्की पुल निर्माण कार्यको लागि मिति २०८०कार्तिक६ गते धुव्रतारा/ नेत्र जे.भि. र यस पालिका बीच भएको सम्झौता अनुसार २०८१ फागुन २६ गते भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने उल्लेख छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता अनुसार रू.९९५००००.०० मोविलाईजेशनको रुपमा भुक्तानी भएकोमा हालसम्म रू.५००००००.०० फर्स्यौट भई रू.४९५००००.०० बाँकी रहेको देखिन्छ।पेश्कि जमानत मध्ये रु.२९११०००.०० को म्याद २०८१ चैत १ सम्मको र बाँकी पेश्की रु.२०३९०००.०० को म्याद थप नभएको हुँदाको पेश्की जमानतको म्याद थपको प्रमाण पेश गर्नुपर्दछ। रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३९,००० |

५५ **भेरिएसन आदेश जारी नभएको**

निम्न कार्यको लागि पालिका र निर्माण व्यवसायी तथा आपूर्तीकर्ता विच भएको सम्झौताको जि सि सि मा विल अफ क्वान्टिटिको कुनै आइटममा शुरु सम्झौता अंकको २५ भन्दा बढि घटिबढि भएमा तथा कुल सम्झौता अंकको २ प्रतिशत भन्दा बढी घटिबढि भएमा प्रोजेक्ट म्यानेजरले दर समायोजन गर्नु पर्ने व्यवस्था छ।निम्न कार्यको शुरु सम्झौता अंकको २ प्रतिशतले भन्दा घटी भएको अवस्थामा भेरिएसन स्वीकृत गरी दर समायोजन नगरेको देखिएकोले यसरी भएको कार्य नियमसम्मत मान्न नसकिएको रू.

| कामको विवरण | निर्माण व्यवसायी/आपुर्तिकर्ता | सम्झौता रकम | सम्पन्न / भुक्तानी रकम | घटी कार्य |
|---|---|---|---|---|
| घोडाघोडी बहुमुखि क्याम्पसको शैक्षिक भवन निर्माण | मेल्टा निर्माण एण्ड प्रालि काठमाडौं | ६३४७२५६ | ५३७०७२५ | ९७६५३१ (१५.४ प्रतिशत) |

| | |
|---|---|
| अनियमित भएको | ९,७६,५३१ |

५६ **सव कन्ट्याक्टरबाट काम गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ।उल्लिखित उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो। तसर्थ नियमावलीमा भएको व्यवस्था विपरित सव कन्ट्रक्टरबाट गराएको काम नियमसम्मत नभएको रु.

| क्र स | उपभोक्ता समितिको नाम | भुक्तानी | संलग्न निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | डम्बर सिंह विष्टको घरदेखी कान्द्रा नदि सम्म बाटो स्तरोन्नती | ४७८५६७ | बौखहा कन्स्ट्रक्सन प्रालि |
| २ | जमन वटालाको घरदेखी गेडाखेत टेङ्ना टोलमा जाने बाटो ग्राभेल | २८२०५३ | न्यू कुमारी कन्स्ट्रक्सन सेवा प्रालि |
| ३ | जनकपुरमा शिवगंगा दनी डाइभर्सन | २३०७१० | बुट्का वावा निर्माण सेवा प्रालि |
| ४ | खेल मैदान मर्मत सुधार | १०५६०० | आर वि निर्माण सेवा |
| ५ | बाटो मर्मत तथा सम्भार उ.स. | १३८५२७ | घोडाघोडी कन्स्ट्रक्सन कम्पनी प्रालि |
| ६ | रमेश धामीको घर देखी महराको घर सम्म बाटो ग्राभेल उ.स. | २३७४५४ | आर वि निर्माण सेवा |
| ७ | गम्विरे वडुवालको घरदेखी बोरिङ्ग डाडासम्मको बाटो ग्राभेल | २८६६०७ | आर वि निर्माण सेवा |
| ८ | मसानी स्कुल देखी बाचु गिरीको घरसम्म सडक ग्राभेल | ४७३०१४ | उद्दार कन्स्ट्रक्सन प्रालि |
| ९ | लौटनको घरदेखी हिरालाल चौधरीको घरसम्म बाटो ग्राभेल उ.स. | १८७४७८ | आर वि निर्माण सेवा |
| १० | न्यौपानेको घरदेखी चौरसम्म ग्राभेल | १८७५९८ | प्रेम विल्डर्स प्रालि |
| ११ | खडक सुनारको घरदेखी प्राजापती चौलागाई सम्म सडक ग्राभेल | १८५२९४ | जि जस उद्दार कन्स्ट्रक्सन प्रालि |
| १२ | चक्र पन्तको घरदेखी चौड्याल आवि सम्म सडक निर्माण तथा ग्राभेल उ.स. | ३७९१९१ | जि जस उद्दार कन्स्ट्रक्सन प्रालि |
| १३ | प्रकाश चौधरीको घरदेखी शेर सिंहको घर सम्म सडक ग्राभेल कार्य | १२६४४९ | जि जस उद्दार कन्स्ट्रक्सन प्रालि |
| १४ | समिरको घरदेखी चन्द्र चौधरीको घरसम्म बाटो ग्राभेल उ.स. | १६३७११ | घोडाघोडी कन्स्ट्रक्सन कम्पनी प्रालि |
| १५ | झोलुङ्गे पुलदेखी कालिका मन्दिर सम्म बाटो ग्राभेल | १९०३७६ | बौखहा कन्स्ट्रक्सन प्रालि |
| १६ | भुख्खिमा माटो पटानी योजना | २३८६३५ | कार्तिक स्वामी कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| १७ | धनपति भण्डारीको घरदेखि मिन ढकालको घर सम्मकव सडक ग्राभेल उ.स. | १७६८०६ | जि एस उद्दार कन्स्ट्रक्सन प्रालि |
| १८ | धन बहादुर चौधरीको घर देखि तिलक चौधरीको घरु हुदै वडा नं. ६ को सिमाना सम्म बाटो ग्राभेल | ४२६१२० | जि एस उद्दार कन्स्ट्रक्सन प्रालि |
| १९ | किरण भण्डारीको घर देखि मिलन विष्टको घरसम्म सडक ग्राभेल | १८८७०५ | प्रेमशी निर्माण सेवा |
| २० | नरेन्द्र सिंह धामीको घरदेखी गाँजरी टोल सम्म बाटो ग्राभेल निर्माण उ.स. | ३२२५८८ | तुलसी देवी कन्स्ट्रक्सन प्रालि |
| २१ | राम प्रसादको मिल देखि कर्ण बोहराको घरसम्म माटो पटानी तथा ग्राभेल | ३५६०९१ | तुलसी देवी कन्स्ट्रक्सन प्रालि |
| २२ | जित बहादुरको घर देखि सिमथरी मरुवा सम्म बाटो निर्माण उ.स. | ३९४०७८ | जि जस उद्दार कन्स्ट्रक्सन प्रालि |
| २३ | कान्ति विद्यालयको खेल मैदान निर्माण र मर्मत | २४८०३७ | बौखहा कन्स्ट्रक्सन प्रालि |
| २४ | चोङ्गालीपुर देखि डोडासम्म अधुरो बाटो ग्राभेल | ३३०३९४ | विद्या कन्स्ट्रक्सन प्रालि |
| २५ | विक्रमको घरदेखी डोडा नदी सम्म माटो पटानी तथा बाटो ग्राभेल | १८०६७८ | विद्या कन्स्ट्रक्सन प्रालि |
| २६ | डोडा देखी सिर्जना टोल सम्म बाटो ग्राभेल | १७९७०९ | विद्या कन्स्ट्रक्सन प्रालि |
| २७ | महेन्द्र विष्टको घरदेखी थापाकव घरसम्म बाटो ग्राभेल उ.स. | १७९७०८ | विद्या कन्स्ट्रक्सन प्रालि |
| २८ | मर्मत सम्भार उपभोक्ता समिति | ६२९३५० | सिताराम चौधरी कन्स्ट्रक्सन |
| | | | |

| | | | |
|---|---|---|---|
| २९ | थुम्की खेल मैदान मर्मत उ.स. | २३०८५४ | रोयल मानाकोटी कन्स्ट्रक्सन |
| ३० | भाटे कामीको घरदेखी रिजालको घरसम्म ग्राभेल सडक | ६६७४७० | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रालि |
| ३१ | नव रावतको घरदेखी हर्क रावलको घरसम्म बाटो ग्राभेल | १९०७७७ | प्रेमिशी निर्माण सेवा |
| ३२ | डम्मर धामी वाल विहानी हुदै वालाराम विकको घरसम्म सडक ग्राभेल | ४७१३४९ | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रालि |
| ३३ | भालुफाटा बजारमा बाटो ग्राभेल उ.स. | २०६२८१ | आर वि निर्माण सेवा |
| ३४ | शोभा चौधरीको घरदेखि डिल्ली विष्टको घरहुदै रचनापुरसम्म सडक निर्माण | ३२२२५३ | आर वि निर्माण सेवा |
| ३५ | अवि दमाईको घरदेखी मान बहादुर चौधरीको घरसम्म बाटो ग्राभेल | १८७९५० | प्रेमशी निर्माण सेवा |
| ३६ | माघी भेराहन घर देखी सिमथरी जोड्ने बाटो निर्माण | ३५८१४५ | रामारोशन नन्दामाता निर्माण सेवा |
| **जम्मा** | | **१०१३८६०७** | |

| | |
|---|---|
| अनियमित भएको | १,०१,३८,६०७ |

## ५७ ह्युम पाइप खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट ह्युम पाइप खरिद गरी विभिन्न व्यक्तिलाईवितरण गरी खर्च लेखेकोमा ह्युम पाईपको माग विवरण लागत अनुमान जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनु पर्ने रु.

| क्र स | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | जाल्पादेवी होमपाइप एण्ड कंक्रिट उद्योग प्रालि | ५९८२२२ |
| २ | बर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग प्रालि | ९९४७६१ |
| ३ | रावल ब्रदर्श निर्माण सेवा | ८९५६२१ |
| **जम्मा** | | **२४८८६०४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,८८,६०४ |

## ५८ नगरप्रमुख आवास कार्यक्रम

पालिकाले नगरप्रमुख आवास कार्यक्रम अर्न्तगतसुरक्षित आवास निर्माणको लागि UN Habbitat को स्थानीय साझेदारी राष्ट्रिय दलित नेटवर्कसँग साझेदारीमा प्रति घरलागत रु.७०९०१६.०० मा पालिकाको अंश रु.३५०००० रहने गरी संस्था सँग मिति २०८०।७।१७ मा सम्झौता गरी घोडाघोडी नगरपालिकाको वडा नं. ४ र वडा नं. ९ मा ६/६ वटा गरी १२ वटा नयाँ घर निर्माणको लागि पालिकाबाट कुल रु.४११९८२७८.०० खर्च लेखेको छ।निर्मित आवास सम्बन्धित व्यक्तिलाई हस्तान्तरण भैसकेको अवस्थामा पालिकाले निर्मित संरचनाको पूर्ण सदुपयोग तर्फ ध्यान पुर्याउनुपर्दछ।

## ५९ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवासकार्यन्वयन कार्यविधि, २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ। सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या २३९ को लागि प्रति लाभग्राही पचास हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ। लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार गत वर्ष सम्म निम्नानुसार ७० जनाले दुवै किस्ता प्राप्त गरेको देखियो भने यो वर्ष ४४ जनाले दोस्रो किस्ता प्राप्त गरेको देखिन्छ। जस अनुसार यो वर्षको अन्त्यस सम्म ११४ जनाले मात्र दुबै किस्ता प्राप्त गरेका छन। पालिकाका १२५ जना लभाग्राहीहरुले अझै सम्म दोस्रो किस्ता वापतको अनुदान प्राप्त गर्न सकेको देखिएन। अत:१२५ जना लभाग्राहीहरुलाई भुक्तानी भएको पहिलो किस्तावापतको

रकम उपयोगमा ल्याउन निजहरुको निर्माणाधिन आवास सम्पन्न गर्न लगाई दोस्रो किस्ता बापत हुने रू.२९४६३७५.०० भुक्तानी हुने अवस्था सृजना गरी कार्यक्रम सम्पन्न गर्नु पर्दछ।

| **वडा** | **सम्झौता भएका लाभग्राही** | **पहिलो किस्ता वापत भुक्तानी हुने रकम** | **दोस्रो किस्ता वापत भुक्तानी हुने रकम** | **गत वर्ष सम्म वितरित अनुदान** | | **यो वर्ष पहिलो किस्ता प्राप्त गर्नेलाभग्राही** | **यो वर्ष दोस्रो किस्ता प्राप्त लाभग्राही गर्ने** | **अझै सम्म पहिलो किस्ता नपाएका लाभग्राही** | **अझै सम्म दोस्रो किस्ता नपाएका लाभग्राही** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही** | **दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही** | | | | |
| १ | १४२ | २६४२९ | २३५७१ | १४२ | ५६ | ० | १७ | ० | ६९ |
| ९ | ९७ | २६४२९ | २३५७१ | ९७ | १४ | ० | २७ | ० | ५६ |
| जम्मा | २३९ | | | २३९ | ७० | ० | ४४ | ० | १२५ |

## ६० नदि जन्य पदार्थको उत्खनन

पालिका अन्तर्गतका **डोडा, झिगे झाला, कान्द्रा कन्द्री र टेङ्ना नदीबाट** नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा १६२५५२.४ घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ। पालिकाले सोही परिमाणलाई आधार मानी ठेक्का आहवान गरेकोमा Shristhan Nirman Sewa सँग रु.४ करोड (मू अ कर बाहेक)मा नदिजन्य पदार्थ उत्खननको लागि ठेक्का सम्झौता भएकोमा पालिकाले तोकिएका नदिहरुबाट के कति नदिजन्य पदार्थ उत्खनन भएको तथा उत्खनन हुन बाँकी परिमाण सम्बन्धमा केहि उल्लेख गरिएको छैन। के कति नदिजन्य पदार्थ उत्खनन भएको हो सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

| **क्र.सं.** | **स्रोत/ खोला** | **वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उत्खनन गर्ने सकिन परिमाण** |
|---|---|---|
| १ | **डोडानदी** | ५८५६४ घनमिटर |
| २ | **झिगे झाला नदी** | १०१३५ घनमिटर |
| ३ | **कान्द्रा कन्द्री नदी** | ७३५७३ घनमिटर |
| ४ | **टेङ्ना नदी** | २०२८० घनमिटर |
| जम्मा | | १६२५५२ घनमिटर |

## ६१ नगदि रसिद

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ। तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ। यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यी निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नुपर्ने थप कानुनी व्यबस्था रहेको छ। पालिका अन्तर्गतका **डोडा, झिगे झाला, कान्द्रा कन्द्री र टेङ्ना नदीबाट** नदिजन्य पदार्थ उत्खनन्को लागि Shristhan Nirman Sewa सँग रु.४ करोड (मू अ कर बाहेक) सम्झौता भएकोमा पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट लेखापरीक्षणको क्रममा फिर्ता भएको देखिएन। यसरी पालिकाबाट प्रमाणित रसिदहरु सम्बन्धित व्यावसायीबाट फिर्ता ल्याई उत्खनन् भएको नदिजन्य पदार्थको यकिन गर्नुपर्दछ।

## ६२ दुविधायुक्त कानुनी व्यवस्था

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको

सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुंगा गिटी वालुवावापत रू.४००००००००.०० संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन। कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वियन हुन सकेको देखिएन। कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ।

६३ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री वापत प्राप्त रकम एकीन गरी प्राप्त रकमको दश प्रतिशत रकम असुल गरी पालिकको संचित कोषमा दाखिला गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : घोडाघोडी नगरपालिका, कैलाली , घोडाघोडी नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव सिंह भण्डारी | २०८०-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिश चन्द्र धामी | २०७८-९-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,९३७,४९४.८२ | १५,४३०,४२३ | ८,५८१,३९४ | ० | ० | ४,८००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३१,७४९,३११.८२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,७४९,३११.८२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३०३५६२०२२.५५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६८१००५०० | **चालु खर्च** | ५३६५२२१२५.२३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३०९८६२५९ | **पूँजीगत खर्च** | २९०८७३७८२.६४ |
| **राजश्व बाँडफाँट** | १५६४८२६८०.६१ | **वित्तीय/अन्य व्यवस्था** | ३५७७१६५०८.७५ |
| **आन्तरिक आय** | ३४०४९७७५.६९ | | |
| **अन्य आय** | ३५९१६१२२४.४३ | | |
| **कुल आय** | ११४८७८०४३९.७३ | **कुल खर्च** | ११८५११२४१६.६२ |
| **बाँकी मौज्दात** | | २६७२३००४५.६६ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने भएकोले पालिकाको आन्तरिक नियन्त्रण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।